संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १४, ● पूर्णाङ्क ३०४, ● अंक २० ●२०८० साल असार १६-३१ गते (1 July, 16 July, 2023) ● मूल्य रु. १०

# नेपालमा चीनको हस्तक्षेप



◆ **२०७४ मा एमाले-माओवादीबीच बनेको वाम गठबन्धनको दोस्रो भाग हो समाजवादी मोर्चा। त्यतिबेला पनि वाम गठबन्धन बनाउनका लागि चिनियाँ टोली नेपाल आएर वतावरण बनाएको थियो।**

◆ **नेपालका लागि चिनियाँ राजदूत चेनको दौडधुप पनि घतलाग्दो छ। सिंहदरवार, बालुवाटार, बालकोटलगायतका ठाउँमा उहाँको दिनहुँ दौडधुप देख्न सकिन्छ।**

◆ **२०७९ चैत ८ नेपालका लागि राजदूत चेनले उद्योग मन्त्री रमेश रिजाललाई उहाँकै मन्त्रालयमा गएर भेट्नु भएको थियो। त्यही दिन राष्ट्रपति रामचन्द्र पौडललाई पनि भेट्नु भएको थियो।**

◆ **फागुन ११ गते चिनियाँ राजदुत चेन सोङले निर्माण भइरहेको चक्रपथको अवलोकन गर्न उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको साथमा जानु भएको थियो।**

२०७४ मा एमाले-माओवादी केन्द्रको वाम गठबन्धन र त्यसपछि नेकपा बनाउन चीनको कसरत सफल भएपनि त्यसलाई जोगाउन सफल भएन तर त्यसकै ट्र्याक-२ चीनले समाजवादी मोर्चा बनाउन सफल भयो। असार ४ गते माओवादी केन्द्र, नेकपा (एस), जसपा र विप्लव नेतृत्वको नेकपाले समाजवादी मोर्चा गठनको तयारी गरिरहँदा चिनियाँ राजदूत चेन सोङ प्रमुख प्रतिपक्ष दल एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बालकोटमा भेटिरहनु भएको थियो। त्यसअघि उहाँले प्रधानमन्त्री प्रचण्डलाई पनि बालुवाटारमा गएर नै भेट्नु भएको थियो। २०७४ मा एमाले-माओवादीबीच बनेको वाम गठबन्धनको दोस्रो भाग हो समाजवादी मोर्चा। त्यतिबेला पनि वाम गठबन्धन बनाउनका लागि चिनियाँ टोली नेपाल आएर वतावरण बनाएको थियो। त्यसरी नै यसपटक पनि चिनियाँ कम्युनिष्ट पार्टी एसिया ब्युरोका उपमहानिर्देशक सु मीन नेतृत्वको एक टोली असार १ गते नेपाल आएर वतावरण बनाएको विदेश मामिलाका जानकाहरु बताउँछन्।

सु को नेतृत्वमा आएको टोली प्रधानमन्त्री प्रचण्ड, नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादवलगायत सबै शीर्ष नेताहरुलाई भेटेपछि यो समाजवादी मोर्चा गठन भएको विदेश मामिलाका जानकारहरु बताउछन्। मोर्चा गठन भएको दिनसम्म त्यो टोली नेपालमै थियो। गठन भएपछि मात्र चीन फर्क्यो।

त्यसअघि माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री 'प्रचण्ड' भारत भ्रमणको अन्तिम तयारी गरिरहँदा सीपीसीका सिचुआन प्रान्तका सचिव वाङ सियाओहुईसहित १४ जनाको टोली नेपाल अइपुगेको थियो। जेठ १७ गते भारत भ्रमणमा जाने तयारीमा रहनु भएका प्रधानमन्त्री प्रचण्डलाई त्यो टोली बालुवाटारमै गएर भेट्यो। त्यो त्यही दिन माओवादीको हेडक्वाटर पेरिसडाँडामा गएर माओवादी केन्द्रका नेताहरुले भेट्यो।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ चीन भ्रमणमा हुनुहुन्छ। प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणको तयारीका लागि उहाँ उता जानु भएको जानकारहरु बताउँछन् तर गृहमन्त्री श्रेष्ठको सचिवालयले त्यो कुरा स्विकार गर्दैनन्। नेपालको राजनीतिक मामिलामा चीनले गरेको प्रत्यक्ष हस्तक्षेपको यो सानो उदाहरण मात्र हो।

नेपालका लागि चिनियाँ राजदूत चेनको दौडधुप पनि घतलाग्दो छ। सिंहदरवार, बालुवाटार, बालकोटलगायतका ठाउँमा उहाँको दिनहुँ दौडधुप देख्न सकिन्छ। जेठ ११ गते प्रधानमन्त्री प्रचण्डलाई भेटेका चिनियाँ राजदूत चेनले जेठ २६ गते सञ्चार मन्त्री रेखा शर्मालाई मन्त्रालयमा गएर भेट्नु भएको थियो। त्यसअघि बैशाख १० गते काँग्रेस संखुवासभाका सभापति एवम् सांसद दीपक खड्का नेतृत्वको टोलीले चीनसँग जोडिएको किमाथाङ्का नाका चाँडो सञ्चालन गर्न परराष्ट्रमन्त्री एनपी साउदलाई आग्रह गरेको दुई दिनपछि राजदूत चेनले परराष्ट्र मन्त्री साउदलाई भेटेका थिए भने त्यही दिन पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठको नेतृत्वमा गएको टोलील राजदूत चेनलाई भेटेको थियो।। त्यही दिन राजदूत सोङले अर्थमन्त्री प्रकाशशरण महतलाई पनि भेटेका थिए। बैशाख २५ गते राजदूत चेनले उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसँग मन्त्रालयमै गएर भेट्नु भएको थियो। त्यसको भोलीपल्ट चेनले उपराष्ट्रपति रामसहाय यादवलाई भेटेर बधाई तथा शुभकामना दिनु भएको थियो।

त्यसअघि २०७९ चैत ८ नेपालका लागि राजदूत चेनले उद्योग मन्त्री रमेश रिजाललाई उहाँकै मन्त्रालयमा गएर भेट्नु भएको थियो। त्यही दिन राष्ट्रपति रामचन्द्र पौडललाई पनि भेट्नु भएको थियो। राष्ट्रपतिमा नियुक्त भएपछि उहाँलाई बधाई दिनका लागि भेटेको भनिएको छ। चैत १५ गते नेपाल-चीन सीमा वातावरणमा व्यपार तथा सहयोग समन्वय संयन्त्रको बैठकले रसुवा गढी-केरुङनाका दुईतर्फी आवतजावत गर्ने सहमति भएका थियो। जवकी त्यो नाका सञ्चालनका लागि धेरै पहिलादेखि नेपालको प्रयास भइरहेको थियो।

त्यसको भोलीपल्ट राजदूत चेनले एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई भेट्नु भएको थियो भने त्यसको भोलीपल्ट परराष्ट्र सचिव भरतराज पौड्यालसँग पनि भेट्नु भएको थियो। उहाँले भेटे पछि मात्र सचिव पौड्याल चैत २१ गते चीन भ्रमणमा निस्किनु भएको थियो। चैत २३ गते चीनमा उहाँले त्यहाँका बेइजिङस्थित विदेश मन्त्रालयमा जनवादी गणतन्त्र चीनका स्टेट काउन्सिलर तथा विदेश मन्त्री चिङ काङसँग भेटनु भएको थियो।

चैत २९ गते राजदूत चेन चितवनको भरतपुर गएर त्यहाँका मेयर रेणु दाहाललाई भेट्नु भएको थियो। त्यही दिन उहाँ गृहमन्त्री श्रेष्ठसँग लुम्बिनी भ्रमणमा देखिनु भएको थियो। लुम्बनीमै भेटेर संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले भैरहवा र पोखराबाट चीनका विभिन्न गन्तव्यमा उडानका लागि पहल गरिदिन राजदूत चेनलाई आग्रह गर्नुभएको थियो। त्यसअघि फागुन २६ गते राजदूत चेनले मन्त्री किरांतीलाई भेट्नु नै भएको थियो। त्यो भेटघाटमा चीनका विभिन्न शहरबाट सिधा हवाई उडान खोल्ने र चीनले नेपाललाई नयाँ पर्यटकीय गन्तव्यका रुपमा राख्ने विषयमा छलफल भएको थियो।

चैत २६ गते जहाज चार्टर्ड गरेर नेपाल आएको एक सय ८० जना चिनियाँ पर्यटकलाई त्रिभुवन विमानस्थलमा गएर राजदूतले स्वागत गर्नुभएको थियो भने त्यसअघि फागुन १५ गते भक्तपुर नगरपालिका मेयर सुनिल प्रजापति र त्रिवि कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ निर्देशक छिन लुकाओबीच भेटवार्ता भएको थियो।

**बाँकी पृष्ठ ८ मा**

## यस भित्र




संगठित मुसहर र सियालीदेवीको आन्दोलन

● लेख, पृष्ठ ४



नागरिकताको समस्या समाधान भएको छैन

● अन्तरवार्ता, पृष्ठ ५




जसपाको युवामैत्री विधान

● मध्यपृष्ठ, पृष्ठ ६



आलिया भिलेन !

● पृष्ठ ९



पञ्चायतको माहोलमा हुर्केका गोविन्द यसरी भए बिद्रोही

● पृष्ठ १०

अभिमत

# सम्पादकीय

## धन्यवाद सर्वोच्च अदालत

सर्वोच्च अदालतले नागरिकता मुद्दामा यसअघि जारी गरेको अन्तरिम अल्पकालीन आदेश निरन्तर नहुने निर्णय गरेसँगै जिल्ला प्रशासन कार्यालयबाट धमाधम नागरिकता वितरणको काम भइरहेको छ । जन्मको आधारमा, आमाको नामबाट नागरिकता वितरण भइरहेका छन् । वर्षौंदेखि नागरिकताबाट बञ्चित रहेका तराई मधेशलगायत देशैभर जनताले नागरिकता प्राप्त गरिरहेका छन् । सर्वोच्चको आदेश आएदेखि असार १२ गतेसम्म ४६७ जनाले नागरिकता प्राप्त गरिसकेका छन् । नागरिकता प्राप्त गरेपछि पिडितहरूको अनुहार मुस्कान देखिएको छ । सबैले सरकारलाई धन्यवाद दिइरहेका छन् ।

आफ्नै देशमा अनागरिक भएको पिडा झेल्दै आएका नागरिकले नागरिकता पाएपछि बल्ल नेपालको नागरिक भएको भन्दै खुशी व्यक्त गरेका छन् । लामो संघर्षपछि अघिल्लो प्रतिनिधिसभा र राष्ट्रियसभाले पारित गरेर नागरिकता विधेयक प्रमाणीकरणका लागि तत्कालित राष्ट्रपति विद्यादेवी भण्डारीलाई पठाएको थियो । एक पटक मात्र होइन, दुई दुई पटक दुवै सदनबाट पारित गरेर तत्कालिन राष्ट्रपति भण्डारीसमक्ष पठाइएको थियो । तर, उहाँले प्रमाणिकरण नगरी त्यसलाई पेन्डिङ्गमा राख दिनुभयो । प्रमाणिकरण गराउनका लागि राजनीतिकबाट निकै दबाव पर्‍यो तर उहाँले आफ्नो कार्यकालभरमा त्यसलाई गर्नुभएन । त्यसमा उहाँको निकै आलोचना भएको थियो । उहाँले यस्तो काम एमालेको इसारामा गर्नु भएकोसम्म आरोप लाग्यो । तैपनि उहाँ टसमस हुनुभएको थिएन । दुई पटकसम्म संसदबाट पारित भएर आएको नागरिकता विधेयक प्रमाणीकरण नगरी विद्यादेवी भण्डारी राष्ट्रपति पदबाट बिदा हुनुभयो । राष्ट्रपतिले प्रमाणिकरण नगरी पदबाट हटेपछि नागरिकताविहिन जनता चिन्तित भएका थिए । खासगरि तराई मधेशमा नागरिकताविहिन नागरिकमा ठूलो निराशा छाएको थियो । अब नागरिकता नपाइने हो कि पनि चिन्ता उनीहरूमा देखिएको थियो । २०७९ को प्रतिनिधि सभाको चुनाव सम्पन्न भएपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा गठबन्धनको सरकार बनेपछि सरकारमा रहेका दलहरूले जनतालाई आश्वासन दिन थाले कि नागरिकताको समस्या समाधान हुन्छ ।

गठबन्धनकै दलबाट काँग्रेसका रामचन्द्र पौडेल राष्ट्रपतिमा चयन भएपछि गठबन्धनका दलहरू पनि नागरिकताको समस्या समाधान हुने आशावादी भएका थिए । एमालेले राष्ट्रपतिमा दावी गरिरहेको थियो । एमालेको भागमा राष्ट्रपति परेपछि पुनः नागरिकताको समस्या समाधान हुँदैन भनि चिन्ता सबैमा थियो । माओवादीका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डको चतुराईले काँग्रेसबाट रामचन्द्र पौडेल राष्ट्रपति बन्न सफल भएपछि नागरिकताको समस्या समाधान हुनेमा आशा जागेको थियो सबैमा । यसअघिको प्रतिनिधि सभा र राष्ट्रिय सभाले पारित गरेको नागरिकता विधेयकलाई राष्ट्रपति कार्यालय पठायो । राष्ट्रपतिले पनि त्यसलाई प्रकृयामा लग्नुभयो । र, राष्ट्रपति रामचन्द्र पौडेलले त्यसलाई प्रमाणिकरण गर्नुभयो । राष्ट्रपति पौडेलले नागरिकता विधेयक प्रमाणिकरण गरेपछि तराई मधेशमा दीपावली नै मनाएको थियो । लड्डु बाँडेर खुशीयाली मनाइएको थियो । तर सर्वोच्च अदालतमा त्यसको विरूद्धमा उजुरी पर्‍यो । त्यसमा अदालतले अल्पकालिन आदेश गर्दियो । त्यसले प्रमाणिकरण गरिएको नागरिकता ऐन कार्यान्वयनमा आएन ।

तराई मधेशमा पुनः निराशा छाएको थियो । नागकिरता पिडितहरू आन्दोलन सुरू गरे । तराई मधेशदेखि काठमाडौँसम्म आन्दोलन सुरू भयो । मैतीघरमा आन्दोलन गरिरहेका नागरिकता पिडितले आत्मदाहको प्रयास गरे । माओवादी केन्द्रका केन्द्रीय सदस्य रामकुमार शर्मा आमरण अनसन बस्नु भयो । संदनमा पनि त्यसको बारेमा आवाज उठ्न थाल्यो । नागरिकताको आन्दोलन विस्तार हुँदै थियो । असार ७ गते सर्वोच्च अदालतले अल्पकालिन आदेशलाई निरन्तरता दिएन । सर्वोच्च अदालतले नागरिकता विधेयक प्रमाणीकरणविरूद्ध परेको रिटमा थप सुनुवाइ गर्दै राष्ट्रपतिले गरेको प्रमाणीकरणलाई सदर गरिदियो । योसँगै लामो समयदेखि समस्याको रूपमा रहेको नागरिकतासम्बन्धी समस्या समाधान हुने भएको छ ।

विधेयक हुँदै प्रमाणीकरण भएपछि स्वतः नागरिकता ऐन बनेर कार्यान्वयनमा आइसकेको छ । जिल्ला जिल्लामा नागरिकता लिन थालेका छन् । नागरिकताको समस्या एउटा राजनीति मुद्दा बनेको थियो । त्यसको आडमा राजनीतिक दलका नेताहरू राजनीति गरिरहेका थिए । राजनीतिक गर्ने एकथरीले यो नागरिकताको समस्या कहिले समाधान नहोस् भनि चाहेका थिए अर्को थरीले इमान्दारीपूर्वक त्यसको समाधानमा लागेका थिए । अन्ततः वर्षौदेखि रहदै आएको नागरिकताको समस्या समाधान भएको छ । यसका लागि अहिलेका गठबन्धनका सरकार धन्यवादका पात्र हो नै सर्वोच्च अदालतप्रति सबैको विश्वास जागेको छ ।

## तथ्यांक आफै बोल्छ

### सरकारी ऋणको स्थिति

| | सरकारी ऋण परिसूचकहरू | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| १. | कुल ऋण/कुल गार्हस्थ्य उत्पादन | ३६.७ | ४०.६ | ४१.५ |
| २. | बाह्य ऋण/कुल गार्हस्थ्य उत्पादन | २०.९ | २१.८ | २१.२ |
| ३. | आन्तरिक ऋण/कुल गार्हस्थ्य उत्पादन | १५.८ | १८.७ | २०.३ |
| ४. | बाह्य ऋण/निर्यात | ८३३.१ | ६६१.९ | ५१३.६ |
| ५. | बाह्य ऋण भुक्तानी/निर्यात | २४.१ | १६.५ | १४.७ |
| ६. | कुल ऋण भुक्तानी/राजस्व | ४.१ | ३.८ | ४.२ |
| ७. | आन्तरिक ऋण भुक्तानी/राजस्व | ६.९ | ६.२ | ६.९ |
| ८. | बाह्य ऋण भुक्तानी/राजस्व | २.८ | २.४ | २.६ |

स्रोत : महालेखा नियन्त्रकको कार्यालय र नेपाल राष्ट्र बैंक ।

# पाठक पत्र

saharatimes.com.np@gmail.com




### हिन्दु धर्मका संस्थाहरु मौन किन ?

नेपालमा हिन्दुका मिसनका लागि काम गर्ने संस्थाहरु सबै खाउ पकाउ छन् । हिन्दुको नाममा आफ्नो स्वार्थको रोटी सेक्ने काम गरेका छन् । नत्र अमेरिकाले यस्तो आरोप लगाई रहँदा यहाँका हिन्दुवादी संस्था भनाउँदाहरु चुपचाप रहनुमा धेरै कुराको प्रशन उठाएको छ । हिन्दू स्वयमसेवक संघ मात्र होइन हिन्दुसँग अन्य संस्थाहरु चुपचाप तामासा हेरेका छन् । अमेरिकाको नाम सुनेर डराएको हो कि क्या हो थाह छैन तर नेपालमा हिन्दु धर्मका ठेक्का लिएका संस्थाहरु चुप लाग्नुले धेरै कुरा बयान गरेका छन् । हिन्दु राष्ट्र स्थापना भयो भने नेपालमा च्याउ जति खुलेको हिन्दु धर्मसँग सम्बन्धित संस्थाको रोजीरोटी बन्द हुन्छ । अहिले हिन्दु राष्ट्र स्थापना गर्ने नाममा विभिन्न अभियान चलाएर गुजारा गरिरहेका छन् ।

***सरोजकुमार चौधरी, त्रिवि क्याम्पस, किर्तिपुर काठमाडौं***

### अमेरिकाको रिपोर्ट सही हो !

भारतीय जनता पार्टीले नेपालका पार्टीहरुमाथि लगानी गरेको कुरा स्पष्ट छ । नेपालमा आरएसएसले यदि संगठन जन्माएका छन् ती संगठनमार्फत नेताहरुलाई कन्भिन्स गराएर सदनदेखि सरकारसम्म हिन्दुको बारेमा बोल्न लगाएका छन् । माओवादीमा हिन्दु धर्मको बारेमा कहिले कुरा उठेको थिएन । तर जनयुद्ध गरेर आएका रामकुमार शर्मा माओवादीमा सिधै हिन्दु राज्यको एजेण्डा छिराउनु भएको छ । भाजपाका लागि यो कम उपलब्धी होइन । रौतहटबाट स्वतन्त्रमा चुनाव जितेका किरण साहले त सदनमा सपथग्रहण गर्दा सँस्कृत भाषामा लिनुभयो । र, उहाँले नेपाललाई हिन्दु राष्ट्र बनाउनुपर्छ भनि एजेण्डा बोक्नुभयो । यस्ता थुप्रै सांसद र राजनीतिक दलका नेताहरु छन् जो हिन्दु राष्ट्रका लागि काम गरिरहेका छन् । विस्तारै विस्तारै राजनीतिक दलले पनि हिन्दु राष्ट्रको एजेण्डा बोक्न थालेका छन् । भोटका लागि भएपनि सबैका लागि एजेण्डा अपरिहार्य भएको छ । र, यो सबै काम भाजपाले गरेका छन् । यसमा कुनै दुई मत छैन ।

***रमेश यादव, वीरगञ्ज, घण्टाघर पर्सा***

### मधेशका लागि बाँच्नुपर्छ

जयकृष्ण गोइत मधेशको एउटा इतिहास हुनुहुन्छ । जसरी रामराजा प्रसाद सिंह मधेशका लागि मात्र होइन देशकै लागि एउटा मिसाल कायम गरेर जानुभयो त्यसरी जयकृष्ण गोइत पनि मधेशका लागि आफ्नो इतिहास कायम राखि राख्नुपर्छ । मधेशलाई गजेन्द्रनारायण सिंहदेखि उपेन्द्र यादव, महन्थ ठाकुरदेखि सिके राउतसम्मले धोका दिनुभयो तर जयकृष्णले धोका दिनुभएन । उहाँ आफ्नो मिसनमा अझै अडिग रहनुभएको छ । यो नै ठूलो कुरा हो । जीवनको उत्तरार्द्धमा सरकारसँग वार्ता गर्नुहुँदैन । सरकारले विभिन्न आश्वासन, लोभ प्रलोभनमा पारेर मूलधारमा ल्याउछन् र बिचैमा छाडेर अलपत्र पारि दिन्छन् । जयकृष्ण गोइतको उमेर पनि भइसकेको छ । धेरै दिन बाँच्ने सम्भावना पनि छैन । जति दिन बाँच्नु हुन्छ अब उहाँले मधेशका लागि बाँच्नुपर्छ ।

***राजनारायण यादव, सिरहा, गोलबजार-९***

### सोना त्यतिकै सोना भएको होइन

स्नेहा झाको बारेमा डिटेल बुझ्ने मौका पाए । स्नेहाजीलाई हेर्दा लाग्दैन कि उहाँ यति पिडामा हुनुहुन्छ । सानैदेखि उहाँले जसरी जुन पिडा झेल्नु भयो सायद अरु भएको टुटिसक्नु हुन्थ्यो तर उहाँले आफैलाई सम्हाल्दै काठमाडौंको स्ट्रगलसँग सामना गर्नुभयो । एउटा केटी मान्छे जसको बुवा घर परिवारलाई छाडेर हिडि सक्नुभएको छ त्यस अवस्थामा पुरै परिवारलाई सम्हाल्नु चानचुनै कुरा होइन । सोना त्यतिकै सोना भएको होइन, आगो पग्लाएर पिटी पिटी सोना भएको र त्यसको महत्व बढेको हो । स्नेहा पनि धेरै जल्नु भएको तर खरानी हुनुभएन बरु २४ क्यारेटको सोना भएर निस्कनु भयो । उहाँले मधेशका चेलीबेटीका लागि एउटा उदाहरण बन्नुभएको छ ।

***प्रमोद सदाय (फेसबुकबाट)***


# फेसबुक



**डा.सूर्या यादव**

सर्वोच्च अदालतले नागरिकता विधेयक कार्यान्वयनका लागि बाटो खुला गरि दिएपछि नागरिकता पीडित संघर्ष समितिले खुशीयाली मनाएका छन् । यसरी खुशियाली मनाउनु ठिकै भए पनि यो समिति अगामी दिनमा कुनै गैर नेपाली नागरिकले नागरिकता नपाउन भन्ने अभियानमा पनि लाग्नु पर्छ । यसको साथै यो भन्दा अगाडी दुई पटक संसद विघटन र अहिले आएर राष्ट्रपतिको आडमा संसदबाट दुई पटक पारित भएर गएको नागरिकता विधेयक प्रमाणिकरण हुन नदिने एमालेलाई घर-घर र जन-जन बाट फाल्ने अभियान चलाउनु पर्छ । एमाले पार्टी जनताको हितमा काम गर्ने पार्टी होइन भन्ने स्वयम् न्यायपालिकाले नै दुई दुई पटक प्रमाणित गरिदिए पछि तपाई हामीले त्यस्तो पार्टीलाई सहयोग गर्नु भन्नेको बालुवामा पानी हाले जस्तै होइन र ?

**रामनारायण देव**



काठमाडौंको बालुवाटारस्थित ललिता निवासको जग्गाको भ्रष्टाचार मुद्दामा धेरै ठूला नेता र कर्मचारीहरु पक्राउ परेका छन् । यो ललिता निबास नेपाली कांग्रेसका नेता स्व. सुबर्ण शमसेरका हुन् । अहिलेको प्रधानमन्त्रीको निवास तथा नेपाल राष्ट्र बैक रहेको जग्गा नै सम्पूर्ण ललिता निवासभित्र पर्दछ । ललिता सुबर्ण जी कि पत्नि हुन् ।

राजा महेन्द्रले २०१७ साल पौष १ गते प्रजातन्त्रको हत्या गरे पछि सुबर्ण जीका सबै जग्गा र सम्पतिहरु सर्बश्व हरण गरे । २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि फुकुवा भए पनि केही कानुनबस फुकुवा भएन । त्यहि जग्गामा माधब नेपाल प्रधानमन्त्री भएको बेला लोभी पापी हरुको गिद्धे आँखा यस जग्गामाथि पर्यो । तिनीहरु मालपोत कार्यालयमा हाकिम र कर्मचारीलाई मिलाई आफ्नो नाममा दर्ता गराए ।

२ वर्षअघि नै फाईल खडागरि बिजय गच्छेदार बिष्णु पौडेल र मालपोतका कर्मचारीहरुमाथि मुद्दा चलाए । तर, पछि सरकारकै दबावमा अख्तियारले फाईल बन्द गरे । अहिले फेरि खोलेको छ । यसमा बुझने पर्ने कुरा के छ भने काँग्रेसका नेता सुबर्णले प्रजातान्त्रिक आन्दोलनमा लाग्दा जग्गा हरणमा परे भने प्रजातन्त्रको पुनर्सथापनापछि माधव नेपालको नेतृत्वमा बनेको सरकारले उक्त जग्गा हड्पने काम गरे । देशलाई लुटे भ्रष्टाचारको आहालमा डुबे । सुबर्णले प्रजातन्त्रको स्थापनापछि २०१५ साल मा अर्थमन्त्री हुँदा बिर्ता उन्मुलन गरे र आफ्नो नाममा रहेका १२ हजार बिगहा जग्गा नेपाल सरकारलाई स्वेच्छाले दान गरे । ललिता निबास पनि सरकारलाई दिए । जसमा अहिले नेपाल राष्ट्र बैकको भव्य भवन रहेको छ । यहि फरक काँग्रेस र कम्युनिष्ट नेतामा छन् । अहिले कम्युनिष्ट नेता ओली, बिष्णु पौडेल, माधव नेपाल लगायत सबै भ्रष्टाचारमा अकुत सम्पति कमाएका छन् । राष्ट्र लूटनमा कम्युनिष्टहरु एक नम्बरमा छन् । अरु पार्टीका नेताहरु चोखा छन मैले भन्न खोजेका छैनन् ।

# सिंगापुरबाट आएर बालुवाटारमा पड्किए देउवा

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा १० दिनपछि असार ८ गते सिंगापुरबाट उपचार गराएर फर्किनु भएको छ । उहाँ सिंगापुर उड्नु अघिदेखि नै सभापति देउवा सिंगापुर जान लाग्नु भएको छ, अब यहाँको राजनीतिमा परिवर्तन आउँछ, गठबन्धन भत्किन्छ, सरकार ढल्छ आदि इत्यादी विषयले चर्चा पाएका थिए ।

यो क्रम उहाँ सिंगापुर गइसकेपछि र फर्केसम्म चल्यो । सिगांपुरबाट फर्केको एक हप्ता भएको छ । नेपाली राजनीतिमा सिगांपुर भ्रमणको कुनै 'रियाक्सन' नदेखेपछि त्यो चर्चा सलाएको छ । यसरी सिगांपुरको भ्रमण देउवाले मात्र गर्नुभएको छैन । यसअघि पनि थुप्रै शीर्ष नेताहरुको पनि भ्रमण भएको थियो । नेपालमा जब कुनै राजनीतिक चलखेल सुरु हुन्छ अनि नेताहरुको सिंगापुरको दौडा हुन्छ । भनिन्छ, त्यहाँ उपचारको बहानामा विदेशी प्रतिनिधिहरुसँग भेटघाट हुनुको साथै ठूला ठूला 'डिल' हुने गरेका छन् ।

उपचारबाट फर्केपछि नेताको स्वास्थ्य मात्र होइन, देशको राजनीतिक स्वास्थ्य पनि निको हुन्छ । देउवा पनि फर्किनु भएको छ । उहाँको स्वास्थ्य ठिक छ तर देशको राजनीतिक स्वास्थ्य कहिले ठिक हुन्छ हेर्न बाँकी छ । उपचारका लागि मात्र होइन अरु पनि भेटघाट तथा मिसनमा गएको कुराको जिज्ञासा सर्वसाधारणमा मात्र होइन, देशको प्रधानमन्त्री भइसका नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालमा पनि देखियो । प्रधानमन्त्री प्रचण्ड र जसपाका अध्यक्ष उपेन्द्र यादवमा पनि देखियो ।

अध्यक्ष माधवकुमार नेपालले समेत सभापति देउवालाई सिंगापुरमा उपचार मात्र गराउनुभयो केही भेटघाट गरेर पनि आउनुभयो भनि सोध्नु भएको थियो । सिंगापुरबाट फर्केपछि बजेटको विषयमा छलफल गर्न बसेको सत्ता गठबन्धनको बैठकमा नेकपा (एस)का अध्यक्ष नेपालले यो जिज्ञासा राख्नुभएको थियो । अध्यक्ष नेपाल गठबन्धनको बैठक सुरु हुनुभन्दा केही पहिले नै बालुवाटार पुगेर बैठक कक्षमा बसिरहनु भएको थियो । त्यही बेला सभापति देउवा बैठक कक्षमा प्रवेश गर्न लाग्दा उहाँलाई अध्यक्ष नेपालले त्यस्तो प्रश्न गर्नुभएको थियो । अध्यक्ष नेपालले यस्तो प्रश्न गरेपछि प्रधानमन्त्री एवं माओवादीका अध्यक्ष प्रचण्ड, जसपाका अध्यक्ष उपेन्द्र यादवले के जवाफ आउँछन् भनि देउवाको मुखतिरै हेर्दै रहनु भयो । देउवा सोफामा नबस्दै भन्नुभयो, 'कसैसँग केही कुरा भएन, म कुरा गर्न वा भेटघाटका लागि त्यहाँ गएको होइन उपचारका लागि गएको थिए तपाईहरु कुरा किन बुझ्नु हुन्न ।'

तपाई सिंगापुर गएपछि यहाँ त्यस्तै चर्चा भइरह्यो, त्यो कुरा तपाईलाई पनि थाह छ नि त्यही भएर सोधेको नेपालले हाँस्दै भनेपछि सभापति देउवा पड्किएर उनले भने, 'होइन, होइन त्यस्तो केही भेटघाटहरु थिएन यी सब बेकारका कुरा हुन्, तपाईहरु यसको पछाडी लाग्नु हुन्छ यो राम्रो होइन ।' गठबन्धनको केही हुँदैन अझै बलियो भएर अगाडि बढ्छ, पाँच वर्ष मात्र होइन त्यो भन्दा बढी समय यो गठबन्धन चल्छ भनि आश्वस्त पार्दै बेकारमा तपाईहरु शंका गर्नुभएको भनि देउवाले प्रतिकृया दिनुभएको थियो ।

'म भन्छु यो सरकार र गठबन्धनको केही हुँदैन अनि अरुको कुरा किन सुन्नुहुन्छ भनि पड्किदै उहाँले भन्नुभयो, 'ओलीजीले मलाई बोलाएको बोलायै हुनुहुन्छ, कहिले बालकोट आउनुस् भन्नुहुन्छ कहिले पार्टी अफिस आइजा भन्नुहुन्छ कहिले तपाईकै घर आउँछु भन्नुहुन्छ तर म भेट्न गएकै छैन अनि कसरी तपाईहरु ममाथि शंका गर्नुहुन्छ ।'

**बाँकी पृष्ठ ८ मा**

# मधेशमा उपेन्द्रका लागि स्पेश बनाउँदै प्रचण्ड

चार वटा पार्टी मिलेर समाजवादी मोर्चा बनेपछि अहिले सबभन्दा बढी चर्चा पार्टी एकीकरणको भइरहेको छ । मोर्चामा रहेका नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र नेकपा (विप्लव)मध्ये कुन दलले कुन दलसँग एकीकरण गर्ने विषयमा चर्चा हुने गरेको छ ।

अहिले यीमध्ये जुनसुकै पार्टीको कार्यालयमा जाँदा चर्चाको विषय यही नै हुने गरेको छ । माओवादी केन्द्रको पेरिसडाँडा होस् या प्रधानमन्त्री निवास बालुवाटार, त्यहाँ जसपा र माओवादीबीच एकीकरण भइरहेको चर्चा सुन्नमा पाइन्छ । नेताहरुका चर्चा र चासोको विषय बनेको छ माओवादी-जसपा एकीकरण । माओवादी केन्द्रमा सबभन्दा बढी बिग्रेको संगठन मधेश प्रदेशको रहेको छ । माओवादीका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले स्वयंले पनि त्यसलाई सपार्नका लागि निकै महनत गर्नुभयो तर सक्नु भएन ।

प्रधानमन्त्री प्रचण्डले अब त्यो ठाउँ उपेन्द्र यादवका लागि छोड्नु भएको पार्टीकै नेताहरु बताउँछन् । अहिले पनि लगभग माओवादीले मधेश प्रदेश जसपालाई नै सुम्पि सकेको छ । माओवादी केन्द्रका एक केन्द्रीय सदस्यले भन्नुभयो, 'मधेशका बारेमा प्रधानमन्त्रीज्युसँग कुरा गर्दा उहाँले मधेशलाई हामी बनाउन सक्दैनौ अब त्यो ठाउँ उपेन्द्रजीलाई छोड दिनुपर्छ उहाँ पार्टीमा आएपछि सबै व्यवस्थित हुन्छ भन्नुभयो ।' माओवादीका अध्यक्ष प्रचण्डले उपेन्द्र यादवलाई पार्टीमा ल्याएपछि आफू पछिको नेता मान्न तयार हुनुभएको स्रोतले दावी गरेको छ ।

उपेन्द्र यादवलाई वरिष्ठ उपाध्यक्ष दिएर मधेश प्रदेशको पुरै जिम्मेवारी दिएर पार्टीलाई अगाडि बढाउने गरी कुराकानी भइरहेको त्यो स्रोतको दावी छ । तर भोली, पर्सी नै एकता हुन्छ भने होइन, एक-दुई वर्ष वा त्यो भन्दा पनि बढी समय लाग्न सक्छ, यद्यपी प्रचण्ड र उपेन्द्र यादवबीच एक दिन एकीकरण हुन्छ । हुन त समाजवादी मोर्चा बन्नुभन्दा पहिला पनि पार्टी एकीकरणका लागि प्रचण्ड र उपेन्द्र यादवको बीचमा पटक पटक कुराकानी भएकै हो । एकीकरण प्रकृयालाई अगाडि बढाउनका लागि दुवै पार्टीमा कार्यदल गठन भएकै हो तर चुनाव र त्यसपछि सरकार निर्माणका कामहरु अगाडि आएपछि तत्कालका लागि वार्ता र संवाद स्थगित गरिएको थियो । अहिले समाजवादी मोर्चा बनेपछि पुनः एकताको कुरा अगाडि बढेको माओवादी केन्द्रका नेताहरु बताउँछन् । मोर्चा नै पार्टीको रुप लिदैन, कुनै कुनै दलको बीचमा एकता हुनसक्छ भन्ने कुरा उपेन्द्र यादवले स्वयंले समाजवादी मोर्चा गठन भएकै दिन पनि भन्नुभएको थियो । तर कुन पार्टीसँग एकता हुन्छ भन्ने कुरा उहाँले खुलाउनु भएको थिएन । माओवादीका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले पार्टी एकीकरणका लागि डा.बाबुराम भट्टराई भन्दा उपेन्द्र यादवसँग सकारात्मक हुनुहुन्छ । त्यही कुराको संकेत पाएर प्रधानमन्त्री प्रचण्डले बाबुराम भट्टराई मोर्चामा ल्याउनु

**बाँकी पृष्ठ ८ मा**

# सिंहदरवारमा अजित डोभालको नक्कल

भारतको 'जेम्स बोण्ड' को रुपमा चर्चित राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालको नक्कल सिंहदरवामा पनि भएको छ । प्रधानमन्त्री प्रचण्डले अजित डोभालको जस्तै राष्ट्रिय सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकारमा शंकरदास बैरागीलाई नियुक्त गरेको छ । तीन महिनापछि अवकाश पाउन लाग्नु भएका बैरागीलाई मुख्य सचिवबाट राजीनामा गराएर राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकारमा नियुक्त गरेको हो । भनिन्छ, भारतका डोभाल जतिकै शक्तिशाली बैरागीलाई पनि बनाउन लागेको हो ।

अन्य देशमा राष्ट्रिय सुरक्षा सल्लाहकार हुने गरे पनि नेपालमा पहिलो पटक यस्तो नियुक्त गरिएको हो । अर्थात बैरागी पहिलो राष्ट्रिय सुरक्षा सल्लाहकारसमेत बन्न सफल हुनुभएको छ । राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्ष प्रधानमन्त्री रहने व्यवस्था छ । त्यस्तै रक्षा मन्त्रालयका सचिव राष्ट्रिय सुरक्षा परिषदको सदस्य-सचिवको जिम्मेवारीमा हुन्छन् । त्यस्तै परिषद्मा रक्षामन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्री, अर्थमन्त्री, सरकारका मुख्य सचिव र प्रधानसेनापति सदस्य रहने गर्छन् । भारतमा डोभाललाई उहाँको क्षमता देखेर प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ मा राष्ट्रिय सुरक्षा सल्लाहकारमा नियुक्त गर्नुभएको थियो । तर बैरागीको क्षमता सुरक्षा क्षेत्रमा त्यति सन्तोषजनक छैन । उहाँले आफ्नो सम्पूर्ण सेवाकालिन समय कुटनीतिक क्षेत्रमा बिताउनु भएको छ । उहाँसँग सुरक्षा क्षेत्रको विषयमा कुनै अनुभव नरहेको एक सुरक्षा विज्ञले बताउनुभयो । लामो समय परराष्ट्र सचिव भएर काम गर्नुभएका बैरागी पहुँचकै आधारमा मुख्य सचिव हुनुभयो र पहुँचकै आधारमा रिटायर्ड हुनुभन्दा पहिले नै राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकारमा नियुक्त हुनुभयो, उहाँले कहिले सुरक्षाको क्षेत्रमा काम गर्नुभएको छैन अनि उहाँ कसरी सल्लाहकार हुनुभयो बुझ्न नसकेको टिप्पणी त्यो विज्ञको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला मुख्यसचिव बन्नुभएका बैरागी परराष्ट्र सेवाबाट अवकाश पाउन एक हप्ता मात्र बाँकी थियो । त्यतिबेला नै तत्कालिन प्रधानमन्त्री ओलीलाई उहाँलाई मुख्यसचिव बनाउनु भएको थियो । त्यही मुख्यसचिव बैरागीको कार्यकाल सकिन लाग्दा प्रधानमन्त्री प्रचण्डले उहाँलाई राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकारमा नियुक्त गर्नुभएको छ । डोभाल जसरी भारतमा त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीको मातहतमा रहेर विशेष सल्लाहकारको रुपमा काम गरिरहनु भएको छ त्यसरी नै बैरागी पनि प्रधानमन्त्री प्रचण्डको राष्ट्रिय सुरक्षा सल्लाहकारको रुपमा काम गर्ने बताइएको छ ।

तर डोभाल जस्तो अनुभवी नभएको कारण त्यो क्षेत्रमा सफल हुनेमा धेरैले अशंका व्यक्त गरेका छन् । डोभाललाई इन्टलिजेन्सको क्षेत्रमा सबभन्दा खतरा खेलाडी मानिन्छ । उहाँले भारतका लागि धेरै ठूला ठूला मिसन सफल पार्नुभएको छ । भारतका लागि डोभलले गरेका जासुसीका बारेमा कथा जस्तो सुनाइन्छ । उहाँको बारेमा भारतमा फिल्म पनि बनेको छ । पाकिस्तानमा सात वर्षसम्म जासुसी गरेर बस्नु भएका डोभाले आफ्नो जीवनमा थुप्रै चुनौतीको सामना गर्नुभएको छ । बैरागी जस्तो सिंहदरवारमा शक्ति केन्द्रको वरिपरी बसेर मात्र समय काट्नु भएको छैन । डोभालको नाम सुन्नै बित्तिकै कतिपय देश थर्कमान हुन्छ ।

डोभाल भारत उत्तराखण्डका हुनुहुन्छ । उहाँको बुवा पनि आर्मीमा हुनुहुन्थ्यो । उहाँको पढाई लेखाई समेत आर्मी स्कूलमा भएको हो । सन् १९६८ मा आइपीएस बन्नुभएका डोभाल चार वर्षसम्म प्रहरी सेवामा काम गर्नुभयो । सन् १९७२ मा इन्टलिजेन्स ब्युरो (आइबी) मा ज्वाइन गर्नुभएका उहाँ २००५ मा आइबीको डाइरेक्टरबाट रिटायर्ड हुनुभएको थियो । रिटायर्ड भएपनि उहाँ आज पनि सुरक्षाकै क्षेत्रमा क्रियाशिल हुनुहुन्छ । त्यहीं

**बाँकी पृष्ठ ८ मा**

**फरकमत**

# दूधलाई देखभाल गर्ने चाहियो नि सरकार



**प्रल्हाद दाहाल**

नेपालको अर्थतन्त्रमा दुग्ध क्षेत्रको योगदान करिव ६ प्रतिशत छ भने दुध क्षेत्रले पशुपालन क्षेत्रमा करिब ६६ प्रतिशत योगदान पुयाएको साथै करिब ३० लाख घर परिवार दूध उत्पादनमा प्रत्यक्ष र अप्रत्यक्ष संलग्न रहेका छन् । करिब चार हजार सहकारी संस्थाद्वारा दूध संकलन र ६०० दुग्ध उद्योगहरु मार्फत दूध प्रशोधन कार्य भइरहेको छ । निजी क्षेत्रको लगानी ४० अर्व छ भने शहरबाट गाउँमा औपचारिक क्षेत्रमार्फत दैनिक ६ करोड भन्दा बढी रकम प्रवाह हुन्छ । छुर्पी, घ्यू लगायत अन्य दुग्ध पदार्थ निर्यात गरी व्यापार नाफा देखिन्छ ।

आर्थिक २०८०/०८१ को वजेट वक्तव्यमा केही बोर्ड, संघ, संस्थान, समिति खारेजीमा परेकामध्ये राष्ट्रिय दुग्ध विकास बोर्ड पनि परेकामा हामी सबै जानकार छौ र त्यसप्रति सरोकारबाला निकायको ध्यानाकर्षण पनि भएको छ । विगत ३ दशकभित्र डेरी क्षेत्रको विकासमा कम श्रोत र साधनको बावजुद पनि बोर्डले पुर्‍याएको योगदानका कारण धान पछिको सबैभन्दा राम्रो व्यवसाय दुग्ध क्षेत्र भएको स्मरण गर्न चाहन्छौं ।

बोर्डले राष्ट्रिय स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाका साथै दुध तथा दुग्ध पदार्थको उत्पादन एवं प्रवर्द्धनको लागि आवश्यक हुने पदार्थहरुको आयात तथा उत्पादित दूध तथा दुग्ध पदार्थहरुको निर्यात सम्बन्धि नीति तर्जुमाका साथै दुग्ध उत्पादन लागत मूल्यको अध्ययन गरी सो को आधारमा मूल्य निर्धारणको लागि सरकार समक्ष सिफारिस गर्नु हो ।

यस अतिरिक्त दुग्ध विकास सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धान, निजी दुग्ध उद्योगहरु तथा दुग्ध विकास संस्थान (सरकारी, सहकारी र निजी) बीच सामन्जस्यता गराई दुग्ध क्षेत्रको विकास र विस्तार एवं समसामयिक समस्याहरुको छलफल गर्ने थलो हो । दूधको उत्पादन लागत मूल्य, दूधको गुणस्तर सुधार, आयात निर्यात इत्यादि गर्न प्रवर्द्धधन गर्ने बोर्डले समेत गर्दै आएको छ । दूध संकलन एवं ढुवानी तथा बजारीकरणको लागि कोल्ड चेन पद्धतिको विकास गरी अनौपचारीक बजारबाट औपचारीक बजारमा वृद्धि गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरी महत्वपूर्ण भूमिका निवार्ह गरिरहेको छ । कच्चा दूध तथा प्रशोधित दूधको गुणस्तर सुधारको अनुगमन, प्रवर्द्धन तथा जनचेतना अभिवृद्धिका कार्यहरु आदि बोर्डको मुख्य भूमिका रहेको छ । बोर्डको आर्थिक वर्ष २०८०/०८१ को वजेट तथा कार्यक्रममा बोर्डको ऐन संशोधनका लागि समेत बजेट बिनियोजन गरिएको छ ।

विश्वका धेरै देशहरुमा जस्तै भारत, न्युजिलैण्ड, डेनमार्क, अमेरीका आदि देशहरुसँग समन्वय गरी उपयुक्त नीति निर्धारण तथा डेरी विकास सम्बन्धी कार्य अगाडि बढाउन बोर्डको भूमिका हुने देखिएकोले यसलाई अझ सशक्त पार्न आवश्यक देखिएको छ । केन्द्रियस्तरमा डेरी बोर्ड रहेको र सोही संस्थाबाट समग्र दुग्ध क्षेत्रको विकास र विस्तार कार्य गरिरहेकोले नेपालमा पनि यस बोर्डको आवश्यकता रहेको छ ।

हाल प्रदेश स्तरमा समेत बोर्ड स्थापना भईरहेको हुँदा ती प्रदेश बोर्डसँग राष्ट्रिय स्तरमा समन्वयकारी भूमिका खेल्ने, दुग्ध नीति २०७८ को कार्यान्वयन कार्यविधि तयार गर्ने जस्ता बोर्डको मुख्य भूमिका समेत रहेको हुँदा दुग्ध क्षेत्रमा विकासका लागि बोर्डको काम कारवाहीलाई अझ प्रभावकारी बनाई खारेज गर्नु उपयुक्त होइन । सरकारले केही अध्ययन अनुसन्धान नै नगरि सिधै खारेज गर्‍यो भने नेपालको दूध क्षेत्र धारासय हुन्छ । बजेट वक्तव्यमार्फत बोर्ड खारेजीको निर्णय आउने बित्तिकै दूध क्षेत्रका किसान तथा उद्योगीहरु निराश बनेका छन् । त्यसको नियमन अनुगमन, रेखदेख, दुखसुख बारेमा सुनि दिने बोली दिने कुनै निकाय नहुने भएपछि यो क्षेत्रमा अराजकता निम्तिने निश्चित छ ।

यसको मूल्य निधारणदेखि लिएर हरेक क्षेत्रको अनुगमन नियमन गर्दा दूध क्षेत्र यस्तो अनुशासित र नियन्त्रित रहेका छन् । बोर्ड नै नरहेपछि जसलाई जे मन लाग्छ त्यही गर्छन् । बोर्डसम्म किसानको पहुँच सहज छ तर बोर्ड खारेज भइसकेपछि किसानले आफ्नो कुरा सरकार समक्षा राख्नै पाउँदैनन् किनभने उसको पहुँच त्यहाँसम्म हुँदैन । किसानहरु सिधै सिंहदरवार छिर्न सक्दैन, छिर्न पनि दिँदैन । त्यसैले किसानको हितका लागि भएपनि बोर्ड अपरिहार्य छ । यो कुरा सरकारले बुझ्नुपर्ने हुन्छ ।

देशमा रहेका सरकारी/सहकारी/निजी क्षेत्रमा रहेका दुग्ध व्यवसायको प्रवर्द्धन गरी दूध तथा दुग्धजन्य पदार्थको गुणस्तरीय आत्मनिर्भरताको लागि हालको विषम परिस्थितिमा बोर्डको औचित्यता/अपरिहार्यता अझ बढि आवश्यक रहेको किसान एवं सरोकारवाला निकायहरुको ठहर छ । राष्ट्रिय दुग्ध विकास बोर्ड विघटनले यस देशमा रहेका दुग्ध क्षेत्रका कृषक, दुग्ध सहकारी, उपभेक्ता उद्योगी संघ संस्था मर्माहत भएको छ । अभिभावक गुमाएको जस्तो महसुस भइरहेको छ । बोर्डको खारेजीको सम्बन्धमा संसदमा समेत दुग्ध किसान र दुग्ध उद्योगीको पक्षमा काम गरिरहेको संस्था खारेजीको विरुद्धमा थुप्रै सांसदहरुले आआफ्ना कुरा उठाएका छन् । अधिकाँश सांसद बोर्ड खारेजीको बिरुद्धमा बोलेका छन् । विभिन्न जिल्लाका कृषक, उद्योगी, सहकारी, संघ संस्थाहरु खारेजीको विरुद्धमा संस्थागत निर्णय गरी सरकारको आलोचना गरिरहेका छन् । आन्दोलनको चेतावनी समेत दिइरहेका छन् । कृषि क्षेत्रमा आत्मनिर्भरतर्फ अघि बढी रहेका एक मात्र दुग्ध क्षेत्र आन्दोलित भयो भने त्यसको ग्रामिण क्षेत्रदेखि शहरसम्म प्रभाव पर्छ । त्यसैले बेलैमा सचेत हुनु आवश्यक छ ।

*(लेखक प्रल्हाद दाहाल नेपाल डेरी एशोसिएशनका अध्यक्ष हुनुहुन्छ)*

# संगठित मुसहर र सियालीदेवीको आन्दोलन



■डा.मधु गिरी

मुसहर समुदायको सशक्तिकरण, उत्थान, संगठन र अधिकारका लागि मुसहर अगुवाहरुले झण्डै ३० वर्षदेखि विभिन्न जिल्लामा संगठित र संस्थाग स्वरूपमा काम गरेका छन्। २०६३/०६४ सालको जनआन्दोलन र मधेश आन्दोलनपछि जातीय समुदायहरू आफ्नो प्रतिनिधित्व पहिचान र समावेशिताका लागि सक्रिय हुने क्रमसँगै सिरहा, सप्तरी, धनुषा र महोत्तरीमा मुसहर समुदायका संस्था र सङ्गठित स्वरूप बढ्दै गए। २०४८ सालदेखि नेपाल ऋषिवंशी जनकल्याण संघ, मोरङ र नेपाल ऋषिवंशी विकास संघ, झापाले मुसहर हरूलाई सङ्गठित गरी सामूहिक हक-अधिकारका लागि काम गरेको देखिन्छ।

सिरहामा नेपाल ऋषिकुल सदाय कल्याण समाज र सवरी सङ्कल्प समाजले साठ्ठीको दशकदेखि मुसहरहरूलाई सङ्गठित गर्ने र मुसहरी बस्तीहरूमा टोल सुधार समिति गठन गरेको पाइन्छ । सिरहाको गोलबजारमा अवस्थित सवरी सङ्कल्प समाजले नेपालका सबै मुसहरको एकता र भाइचारा सम्बन्ध स्थापना गर्न २०६६ सालदेखि निरन्तर माटो दिवसको आयोजना गर्दै विभिन्न ख्यातिप्राप्त व्यक्तिलाई बोलाएर मुसहरहरूको अर्थ राजनीतिक अवस्थातिर राज्यको ध्यानाकर्षण गर्दै आएको छ।

त्यसैगरी, नेपाल ऋषिकुल सदाय कल्याण समाज सिरहाले २०६६ सालमा लहानमा राष्ट्रिय सम्मेलन गरी तराईका विभिन्न जिल्लाका हजारौं अभियानकर्मीलाई अधिकार, न्याय, प्रतिनिधित्व र समुदायको शिक्षा सशक्तिकरणमा परिचालन गर्ने निर्णय गयो। धनुषा र महोत्तरीमा २०६६ सालमा स्थापना भएका राष्ट्रिय मुसहर उत्थान समाज नेपाल र २०६६ सालदेखि नै भोर संस्थाले सङ्गठित हिसाबले मुसहर समुदायको क्षमता अभिवृद्धि, वकालत र अभिलेखमा काम गरिरहेको पाइन्छ।

ती दुवै संस्थाले मधेशका विभिन्न जिल्लाका मुसहरलाई सङ्गठित गर्दै आफ्ना हक अधिकारका लागि सङ्गठित भएर आन्दोलन गर्न र समुदायका कुनै पनि समस्यालाई सङ्गठित भएर उठाउन प्रशिक्षण दिँदै आएका छन्। मुसहर समुदायको उत्थानका लागि गएको दशकयता चल्दै आएको ‘ शक्तिविहीनको सशक्तिकरणःमुसहर समुदायको समग्र उत्थान अभियान’ नाम दिइएको कार्यक्रमका संयोजक पचुलाल माझी मुसहरले मुसहर उत्थान अभियानलाई प्रदेश र जिल्ला स्तरमा समेत संयोजक तोकी समिति गठन गरिसकेका छन्।

**मुसहर संघको आन्दोलन**

अध्यक्ष चन्द्रेश्वर सदाको संयोजनमा २०७३ जेठ २५ गते जनकपुरको बारह बिघामा आयोजना गरिएको नेपालका मुसहरहरूको प्रथम महाधिवेशनमा दशौं हजार सँख्यामा मुसहर जम्मा भएका थिए। उक्त कार्यक्रमका प्रमुख अतिथि रहेका विहार राज्य, भारतका पूर्व मुख्यमन्त्री जीतनराम मांझी (मुसहर) ले नेपालका मुसहरलाई शिक्षित र संगठित भएर अन्यायविरुद्ध आवाज उठाउन आह्वान गरेका थिए।

मुसहर समुदायका यी संस्थाबाहेक मधेश केन्द्रित गैरसरकारी संघ संस्थाको कार्यक्रमले पनि मुसहरहरूलाई संगठित र सशक्तिकरण गर्नमा योगदान दिएको तथ्य यस अनुसन्धानकर्ताले विद्यावारिधि अध्ययनको क्रममा पनि पाएको थियो। यसरी संगठित र आन्दोलित हुने क्रममा, पुस्तौंदेखि बसोबास र भोगचलन गरिरहेको जग्गाको लालपूर्जाको माग गर्दै २०७३ सालमा १५ जिल्लाका मुसहरले १५ वटै जिल्ला प्रशासन कार्यालयमार्फत तत्कालीन प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका थिए। ती तीन माग पूरा नभए अर्को चरणको आन्दोलन गर्ने भन्दै राष्ट्रिय मुसहर संघका महासचिव रामस्वरूप सदाले वक्तव्य निकालेका थिए।

नेपाल राष्ट्रिय मुसहर उत्थान संघले विभिन्न जिल्लामा संयोजक र कार्यसमिति गठन गरेको छ। त्यसैले मुसहरका हरेक जिल्लामा भएका घटनालाई न्यायिक आवाज उठाउन केही सहज भएको छ। २०७७ असार १९ गते विराटनगर दरहियाका राजेश ऋषिदेव (सदा) लाई आँगनमा कुलदेवता दिना-भद्रीको मन्दिर बनाउँदा आफ्नो जग्गा मिचेको भन्दै छिमेकीले कुटपिट गरी मारेर झुण्ड्याएका थिए। त्यसको विरोधमा उत्थान संघको अगुवाइमा विभिन्न जिल्लाका मुसहरले ठूलो सँख्यामा विराटनगरमा जम्मा भएर विरोध-सभा गरेका थिए।

त्यस प्रकारका विरोधका कार्यक्रममा जिल्ला संयोजकहरूले संयोजन गरेर मुसहरलाई परिचालन गर्दछन्। यस्ता घटनामा मुसहरहरूलाई आफ्ना जातीय अन्यायका सवालमा ऐक्यबद्ध जनाउन र सहयोग जुटाउन उनीहरू विभिन्न जिल्ला जाने गर्छन्। यस प्रकारका घटना र हस्तक्षेपले मुसहरहरूबीच विभिन्न जिल्ला र देशबीच एकता बढाएको बुद्धिजिवी राम सुफल सदाको दाबी छ। हुन पनि मुसहरहरूले नेपालभित्र मात्र होइन, भारतका मुसहर भुईया समाजसँगै पनि समन्वय गरेको देखिन्छ। उमेश माझी मुसहर अन्तर्राष्ट्रिय मुसहर भुईया विकास समितिको संयोजक हुन्। उनले नेपाल र भारतमा रहेका मुसहर भुईया समुदायको उत्थानमा सहकार्य थालेका छन्।

**मुसहरका लागि संस्थागत प्रयास**

२०७३ सालमा विद्या चापागाईले बीबीसी रेडियोको ‘साझा सवाल’ कार्यक्रममा डा.अरूणा उप्रेती र तत्कालीन मन्त्री लालबाबु पण्डितलाई सामेल गरी मुसहर समुदायका सवाललाई सार्वजनिक गरिन्।” त्यस्तै, कलाकार राजेश हमालले सञ्चालन गरेको समता फाउण्डेशनको टिभी कार्यक्रम जातको प्रश्न’ र धुर्मुस-सुन्तली फाउन्डेशनले महोत्तरीमा बनाएको मुसहर एकीकृत बस्तीबाट पनि मुसहरका सवाल राष्ट्रिय तहसम्म प्रसार भएको पाइन्छ।

भोर संस्थाको संयोजनमा १० कक्षा पास गरी उच्च माध्यमिक तहको शिक्षा लिनबाट वञ्चित विद्यार्थीहरूको तथ्याङ्क सङ्कलन गरी छात्रवृत्ति कोष खडा गरेर सहयोग गर्ने काम ५/६ वर्षदेखि हुँदै आएको छ। कोरोनाकालमा लकडाउनका कारण रोजगार छुटेर खानाको समस्या भएका मुसहरी बस्तीमा पुगी त्यस संस्थाका अभियानकर्ताले रासन तेल बाँडेका थिए।

मुसहर केन्द्रित यी र यस्ता कार्यक्रमले पनि उनीहरूलाई एक-आपसमा नजिक बनाए भने आपसी सम्बन्ध सहयोगी र विश्वासिलो भएकाले उनीहरू लकडाउनको वास्तै नगरी न्यायको अभियानमा होमिएका थिए।

**शम्भु सदा आन्दोलन**

समुदायमाथि भएका अन्याय-अत्याचारविरुद्ध सम्पूर्ण दलित समुदायलाई शम्भु र राजु सदाको मृत्युमा थालनी भएको न्यायिक आन्दोलन दलित संघ सङ्गठित रूपले उत्रन आह्वान गर्ने संघर्षमा फेरियो। जनकपुर आन्दोलनको संयोजन गरेको बहुजन एकता समाज नेपालका केन्द्रीय संयोजक चन्द्रेश्वर दासले मुसहरलगायत अन्य दलितका संघ संगठनसँग समन्वय गरेका थिए।

पचुलाल माझी मुसहरका अनुसार लकडाउनमै पश्चिम रुकुममा जघन्य अपराध भएकोले दलित समुदाय आन्दोलित भइरहेको अवस्थामा जनकपुरमा भएको हत्यामा दलित समुदायले साथ र समर्थन दिएकोले त्यस प्रकारको दबाबमूलक आन्दोलन गर्न सकिएको थियो। सुरुदेखि नै शम्भु सदा हत्या तराईका दलित समुदायमाथिको अत्याचार हो, त्यसलाई रुकुम हत्याकाण्डसँग जोडेर आन्दोलन गर्नुपर्ने निष्कर्ष विभिन्न जिल्लाका दलित सङ्गठनले निकालेका थिए।

**जनकपुरदेखि काठमाडौंसम्म**

काठमाडौंमा शम्भु सदाको न्यायको आन्दोलन रुकुम घटनासँग जोडेर एकाध प्रदर्शन गरियो, जति ध्यान दिनुपर्ने हो दिइएको देखिएन। समग्रमा, जनकपुर आन्दोलनमा पहाड केन्द्रित दलित सङ्गठनहरूको उपस्थिति खासै भएन। अन्य कार्यक्रममा पनि शम्भु सदाको मृत्यु र जनकपुर आन्दोलनले त्यति ठाउँ पाएनन्।।

चन्द्रेश्वर दासका अनुसार जनकपुर आन्दोलनमा मधेशका सम्पूर्ण दलितलाई संयोजन गरिकोले लामो समयसम्म आन्दोलन टिकाइएको थियो। दिउँसोभरिको आन्दोलनपश्चात् सवरी कुटीमा अगुवाहरू जम्मा भएर भोलिपल्टको रणनीति तय गरिन्थ्यो। त्यस आन्दोलनलाई निस्तेज पार्न प्रहरी प्रशासनले दलित अगुवाहरूबीचमा मतभेद सिर्जना गर्यो। अगुवामध्ये केहीले प्रशासनबाट केही नगद बुझिसकेकाले आन्दोलन सकियो भन्दै भ्रम छरेपछि आन्दोलनकारीहरूबीचमा मतभेद बढेको थियो।

आन्दोलनका एक अगुवा पचुलाल माझीको आरोप छ, दलित समुदायमा पहिलादेखि नै मातृका यादव र कारीचन यादवहरूको राम्रो सम्पर्क थियो। आन्दोलनको क्रममा केही दलित युवाले आन्तरिक बैठकमा पनि बस्ने अनि बेलुका सबै गोप्य सूचना विपक्षलाई दिने गरे। त्यसैले विपक्षले दलितभित्र खेल्ने, झुटा मुद्दा लगाउने, फुटाउने र डरत्रास देखाउने काम गरे। यसरी दलितभित्रका केही व्यक्तिले आन्दोलनसम्बन्धी आन्तरिक मातृका यादव र प्रहरी प्रशासनलाई दिने गरेकाले आन्दोलन कमजोर भयो। त्यसैगरी, कोरोना लकडाउनमा ३/४ जनाभन्दा बढी मानिस सँगै बस्न नदिने र प्रशासनले निगरानी र जासुसीमार्फत सूचना संकलनले गर्दा पनि न्यायको लडाइँ कमजोर भयो।

**क्षतिपूर्तीका लागि सिफारिस**

त्यसैबीच सबैलाकी एक मुसहर महिलाले सबैलाकै एक मुसहर अगुवालाई यौन दुरव्यवहार र जबर्जस्ती करणीको अभियोग लगाइन्। विपक्षीहरूको उक्साहटमा गम्भीर अभियोग लागेपछि ती युवा बस्ती छाडेर भाग्नुपर्यो। यस प्रकारका झुटा मुद्दाले आन्दोलनलाई बिस्तारै कमजोर बनाउँदै लग्यो। त्यसो त निरन्तरको दबावपछि शम्भु र राजु सदा मृत्यु प्रकरणमा प्रदेश सरकारले छानबिन समिति गठन गर्नुप-यो। छानबिन समितिले दुवै घटनामा सरकारी पक्षलाई दोषी देखाएर क्षतिपूर्तिको सिफारिस गर्‍यो।

यसै सिलसिलामा शम्भु सदाको घटना राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चमा उठ्न थाल्यो। २१ मार्च रङ्गभेदसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका दिन नासो कम्युनिटी अमेरिकाको आयोजनामा भएको कार्यक्रममा यस विषय महत्वका साथ उठाइयो। अमेरिकामा बस्ने नेपाली तथा अन्य देशका रङ्गभेद तथा जातीय विभेदविरुद्ध अधिकार तथा सामाजिक न्यायको पक्षमा वकालत गर्ने ६ वटा संस्था जोडिएको ‘जातीय विभेदविरुद्ध डायस्पोराको पहल’ नामक कार्यक्रम नेपालका दलितविरुद्ध भएका हत्याले ठाउँ पायो। त्यस कार्यक्रममा नवराज विकसहित ६ जनाको हत्या र शम्भु सदाको मृत्युको विस्तृत जानकारी दिँदै पचुलाल माझीले प्रशासनले गरेको असहयोग र दलितप्रति राज्य नकारात्मक व्यवहारलाई उजागर गरे।

त्यसैगरी रुकुम हत्याकाण्डको वार्षिकीमा बृहत् नागरिक आन्दोलनले ‘हिंसात्मक जात व्यवस्था र प्रतिरोधी दिशा’ को विषयमा भर्चुअल प्रतिरोध कार्यक्रम गरेको थियो। कार्यक्रममा आहुतिले जात व्यवस्था र हिंसाबारे अवधारणा राखेका थिए भने पचुलाल माझीले शम्भु सदाको हत्यासँग जोडेर जात व्यवस्था हिंसात्मक भएको दाबी गरेका थिए। माझीले दलितलाई हिंसा गर्ने, तर न्याय नपाउने मुख्य कारण जात व्यवस्था हो भन्दै थपेका थिए। ‘मुसहर समुदायलाई आतङ्कित गरेको शम्भु सदाको मृत्युको मुद्दालाई बृहत् दलित आन्दोलनसँग जोड्न सकिएन भने हाम्रो आवाज र पहुँच हराउन सक्छ। मुसहर समुदायमा बोल्न सक्ने अधिकारकर्मी निकै थोरै छौं, तर पनि बोलिरहेका छौं।’

अन्याय अनुभूत हुँदा जसको पनि बोली फुट्ने रहेछ। आफ्ना छोराका लागि न्यायको खोजीमा लाग्दालाग्दै उनकी आमा सियालीदेवी सदाको बोली र सक्रियता निकै बढेको देखिन्छ। सुरुमा उनी विभिन्न संघसंस्था, अधिकारकर्मी तथा राजनीतिक व्यक्तिलाई न्यायका लागि अनुनय गर्दै हिँडेको देखिन्छिन्। तर, केही समयपछि नै उनी सयौं मुसहर महिला, मधेशमा क्रियाशील केही राजनीतिक दलका नेता-कार्यकर्तासहित संविधान च्यात्ने र जलाउने कार्यक्रमकी अगुवाको रूपमा देखिन्छिन्।

**सियालीदेवीको आन्दोलन**

२०७७ असोज ३ गते संविधान दिवसको दिन महेन्द्र राजमार्गको ढल्केबर सडकखण्डमा सियालीदेवीको नयाँ रूप देखियो। त्यस दिन नेपालको संविधान २०७२ च्यात्ने र जलाउने कार्यक्रमको अगुवाइ गर्दै थिइन् उनी। कार्यक्रममा सानो ब्यानरको पछाडि ८-१० जना युवा थिए। ब्यानरमा ‘असोज तीन कालो दिन : संविधान पुनः लेखनका लागि विरोध’ लेखिएको थियो। ब्यानरको पुछारमा ‘एकात्मक नस्लीय संविधान अनिवार्य पुनर्लेखन गर’ कोरिएको थियो।

दुई जना युवाले ब्यानर फैलाएपछि संविधान जलाउने कोसिस गरियो। सियालीदेवीले नेपालको संविधान २०७२ च्यातेर भुइँमा राखी जलाउन खोज्दा प्रहरीले हस्तक्षेप गर्यो। त्यसैबीच प्रहरी र मुसहर महिलाहरूबीचमा झडप भयो। धेरै सहभागी र दलका कार्यकर्ता भागे, तर मुसहर महिलाहरूले लाठी खाएर पनि प्रहरीसँग मुकाबिला गरिरहे। च्यातिएका संविधानका पाना मुठ्ठीमा लिएर सियालीदेवी प्रहरीसँगै पौंठेजोरी खेलेको दृश्य निकै नौलो लाग्छ। उनको हाउभाउमा अब शम्भु सदाकी आमाभन्दा बेसी भूमिका खेलिरहेकी मधेशी दलित महिलाको देखियो।

प्रहरीसँग जुधिरहेकी सियालीदेवीलाई साथ दिनेमा मुसहर महिलाको हुल नै थियो। कोरोना महामारीले मानिसहरू बाहिर निस्कन डराउने बेला उनीहरूको जुझारूपनाले नयाँ सङ्केत गरेको अनुभति हुन्छ। त्यसो त प्रहरीका मुखमा मास्क थियो, तर मुसहर महिलाहरू भने स्वास्थ्य मापदण्डको प्रवाह नगरी मास्कबिना नै प्रहरीसँग चर्काचर्की गरिरहेका थिए। सियालीदेवी प्रहरीतिर हेरेर कोणसभामा बोल्दै थिइन्, ‘मेरो छोरा मार्ने पुलिस चाहिँदैन।’ ३/४ वर्ष पुरानोजस्तो देखिने प्वाल परेको र च्यातिएको साडी लगाएकी सियालीदेवीले एउटा हातमा च्यातिएको संविधानका टुक्रा र अर्को हातमा माइक समातेर भाषण गर्दा लाग्थ्यो, उनी साँच्चैका राजनीतिक नेता हुन्। उनीसामु केही पत्रकार, अधिकारकर्मी, राजनीतिक कार्यकर्ता र प्रहरी थिए। उनमा देखिएको साहस राज्यका रक्षकहरूले शक्तिको दबाब र आर्थिक लोभको कारण आफ्नो छोराको हत्या गरपछि न्यायका लागि गरेको सङ्घर्षले जन्माएको हो।

यसबारे सोध्दा सियालीदेवीको जवाफलाई यसरी भन्न सकिन्छ, छोराको न्यायका लागि उनले आफ्नो सांस्कृतिक, शारीरिक, सामाजिक तथा राजनीतिक शक्तिको अधिकतम प्रयोग गरिन्, तर आफूहरू शक्तिविहीन भएकाले छोराका हत्यारालाई तत्काल सजाय दिलाउन नसके पनि उनी संघर्षरत छिन्।

उनको बुझाइमा समाजमा अर्थ-राजनीतिक हिसाबले पीँधमा रहेकाहरूले न्याय पाउने संविधान नियम केही नहुने तथा न्यायलाई शक्ति र पैसामा बिक्री गरिने चलन छ। त्यसैले उत्कृष्ट भनिएको संविधान च्यातेको उनले स्वीकार गरिन्। नेपालको संविधान २०७२ जारी भएदेखि नै केही राजनीतिक दलले यसको सशक्त विरोध गर्दै पुनर्लेखनको माग गर्दै आएका छन्। यसरी सियालीदेवीले आफ्नो छोराको न्यायको खातिर राजनीतिक दलका कार्यक्रममा आफ्नो माग राख्ने र त्यस मञ्चलाई न्यायको माग गर्ने सार्वजनिक थलोको रूपमा उपयोग गरिन्।

***(नेपाल मधेश फाउण्डेशनद्वारा प्रकाशित मधेश अध्ययन (वर्ष ८, अंक ८) मा डा.मधु गिरीले लेख्नु भएको ‘सांस्कृतिक प्रतिरोधको नयाँ आयामः चलु जनकपुर भरु जनकपुर’बाट केही अंश सभार)***

अन्तरवार्ता

# नागरिकताको समस्या समाधान भएको छैन



**सरकारको तर्फबाट पनि केही त्रुटि भएका छन्। त्यो त्रुटी जानी जानी गर्नुभएको हो कि कसरी गर्नुभएको हो त्यो कुरा मलाई थाह भएन। दुवै सदनबाट पारित भएको नागरिकता ऐन संशोधन विधेयकलाई तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण गर्नुभएन। र, उहाँको टाइम सकिएपछि विदा हुनुभयो। त्यसपछि बनेको अर्को सरकारले राष्ट्रपति रामचन्द्र पौडेललाई त्यो विधेयकलाई प्रमाणिकरण गर्नका लागि आग्रह गर्नुभयो। त्यो आग्रहको आधारमा सदनबाट सिधै राष्ट्रपति पौडेल कहाँ जानुपर्थ्यो तर सरकारले त्यस्तो नगरि मन्त्रीपरिषद्बाट निर्णय गरेर उहाँ (राष्ट्रपति)समक्ष पठाउनु भयो**

## ■ डा.सुनिल रञ्जन सिंह, अधिवक्ता

**नागरिकताको समस्यालाई लिएर सडकदेखि न्यायलयसम्म संघर्ष गर्नुभएका डा.सुनिलरञ्जन सिंह यतिखेर अस्वस्थ्य हुनुहुन्छ। उपचारका लागि भारत–नेपाल आउ जाउ गरिरहनु भएको छ। तर हालै नागरिकताको समस्यालाई लिएर भइरहेको गतिविधिको बारेमा उहाँ अपडेटेड हुनुहुन्छ र चिन्तित पनि। नागरिकताको विषय लिएर आदालतमा पटक पटक उहाँले बहस गर्नुभएको छ। कतिपय मुद्दा जित्नु भएको छ, कतिपय हार्नु पनि भएको छ। त्यसैले उहाँलाई नागरिकताको कानुनी पाटोको बारेमा अनुभव छ। हालै सर्वोच्च अदालतले नागरिकताको विषयमा आदेश गरेको छ। नागरिकताको समस्या पूर्ण रुपमा समाधान भयो भने सन्देश जाने गरी चर्चाहरु भइरहेका छन्। तर उहाँले नागरिकताको समस्या समाधान भएको छैन भन्नुहुन्छ। यिनै सन्दर्भमा स्वास्थ्य उपचारमा रहनु भएका अधिवक्ता डा.सुनिल रञ्जन सिंहसँग सहारा टाइम्सले फोनमा गरेको कुराकानीको सम्पादीत अंशः**

**खासगरी तराई मधेशमा नागरिकताको विषयलाई लिएर खुशीयाली मनाउने काम भइरहेका छन् के साँच्चै नागरिकताको समस्या सादाको लागि समाधान भएको हो त ?**

मेरो विचारमा नागरिकताका समस्या पूर्ण रुपमा समाधान भएको छैन। पाँच प्रतिशत मात्र समाधान भएको छ। ९५ प्रतिशत समस्या जस्ताको त्यस्तै छ। र, त्यो पाँच प्रतिशतलाई पनि अड्काउन सक्छन्, त्यसको पनि सम्भावना कायमै छ। असार ७ गते सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने आदेश दिएसँगै सरकारलाई नागरिकता ऐन कार्यान्वयनको लागि बाटो खुलेको छ। यस्तो आदेश आएपछि सबैतिर बधाई साटासाट भइरहेको बेला मैले फेसबुकमार्फत तत्कालका लागि बधाई भनेको थिए। त्यो किन भने मलाई त्यतिबेला नै शंका लागेको थियो कि यसमा कुनै नकुनै लफडा फेरि सुरु हुन्छ, जुन पहिला पनि भएको थियो। हुँदाहुँदै त्यही मान्छेहरु जसले यसअघि राष्ट्रपतिले प्रमाणिकरण गरेको विरुद्धमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए त्यही व्यक्ति हिजो (असार १३) संवैधानिक अदालतमा मुद्दा दायर गरेका छन्। यो राम्रो संकेत होइन। पहिला पनि यस्तै गरि सरकारले निर्णय गर्दा रिट दायर हुन्थ्यो र अन्तरिम आदेश गरेर त्यसलाई खारेज गर्ने काम गर्थ्यो। अहिले पनि त्यही भएको छ। सर्वोच्च अदालतले दिएको आदेशलाई संवैधानिक अदालतले अड्काइ दिन्छ कि मलाई शंका लागि रहेको छ। यो राज्य र शासकप्रति विश्वास गर्नुहुँदैन जे पनि गर्न सक्छ।

**तपाईलाई त्यस्तो शंका लाग्नुको कारण के हो ?**

सरकारको तर्फबाट पनि केही त्रुटि भएका छन्। त्यो त्रुटी जानी जानी गर्नुभएको हो कि कसरी गर्नुभएको हो त्यो कुरा मलाई थाह भएन। दुवै सदनबाट पारित भएको नागरिकता ऐन संशोधन विधेयकलाई तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण गर्नुभएन। र, उहाँको टाइम सकिएपछि विदा हुनुभयो। त्यसपछि बनेको अर्को सरकारले राष्ट्रपति रामचन्द्र पौडेललाई त्यो विधेयकलाई प्रमाणिकरण गर्नका लागि आग्रह गर्नुभयो। त्यो आग्रहको आधारमा सदनबाट सिधै राष्ट्रपति पौडेल कहाँ जानुपर्थ्यो तर सरकारले त्यस्तो नगरि मन्त्रीपरिषद्बाट निर्णय गरेर उहाँ (राष्ट्रपति)समक्ष पठाउनु भयो। र, त्यसलाई राष्ट्रपतिज्युले प्रमाणिकरण गर्नुभयो। अदालतले यसलाई आधार मान्नसक्छ। र, सर्वोच्च अदालतले गरेको निर्णयलाई संवैधानिक अदालतले उल्टाउन सक्छ भनि मलाई आशंका छ।

**नागरिकताको समस्या समाधान भएन भन्नुभयो के समाधान भएन जस्तो लाग्छ तपाईलाई ?**

अहिले नागरिकता ऐन  संशोधन भएको छ। त्यसले वैवाहिक नागरिकताको विषयमा बोलेको छैन। जन्मसिद्ध नागरिकताको बारेमा स्पष्ट छैन। गैरअवसायी नागरिकताको विषयमा पनि केही बोलेको छैन। आमा बुवाको अत्तोपत्तो नभएका सन्तानले कसरी नागकिरता प्राप्त गर्ने विषयमा पनि बोलेको छैन। आमाको नामबाट दिइने नागरिकताको विषयमा पनि बेलाबेलामा सिडियो कार्यालयले अड्काउने काम गरेका छन्। यस्ता सानातिना समस्याहरु बाँकी छन्। त्यसले गर्दा मैले भन्दै आएको छु नागरिकताको समस्या पूर्णरुपमा समाधान भएको छैन।

**नागरिकताको समस्या समाधान भएको छैन भने तराई मधेशमा किन दीपावली मनाइरहेका छन् त ?**

त्यो थाह नभएर हो। नागरिकतालाई राजनीतिक विषयवस्तु बनाई सकेका छन्। त्यसलाई दलहरुले आआफ्नो सुविधाअनुसार प्रयोग गरिरहेका हुन्छन्। यदि त्यस्तो होइन भने अहिलेको वर्तमान गठबन्धनका सरकारसँग बहुमत छ। त्यही बहुमतको आधारमा अहिलेको दुवै सदनबाट फास्ट ट्र्याकमा पारित गरी प्रमाणिकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनु पर्थ्यो तर सबै उल्टो भयो। गठबन्धनसँग सदनमा बहुमत छ भने नागरिकता जस्तो संवेदनशिल विषयलाई हल्का ढंगबाट लिनु हुँदैन्थ्यो। तर सरकारको दम्भ देखाएर जवर्जस्ती पेल्न खोज्यो। गठबन्धनमा रहेका दलहरुलाई यो कुरा थाह थियो। नागरिकताको समस्या समाधान गर्ने नियत ठिक नभएको कारण त्यो बाटो रोजेको थियो। एमाले सत्तामा हुँदा अध्यादेशमार्फत त्यसलाई समाधान गर्ने प्रयास गरेको थियो। तर अहिले त्यही दल त्यसको खुलेर विरोध गरिरहेको छ। दलहरुले नागरिकतालाई राजनीतिक टुल्स बनाएको कुरा स्पष्ट बुझ्न सकिन्छ।

**यदि त्यस्तो हो मधेशवादी दलले पनि किन खुशियाली मनाइ रहेका छन् त ?**

पहिलो कुरा त मधेशवादी दलमा एकता छैन। एउटा इर घाट छ भने अर्को बीर घाट। तीन चार वटा दल छन् तर एक अर्कासँग मेलजोल छैन। नागरिकताकै विषयमा ती दलहरुको बीचमा एक मत छैन। जस लिनका लागि दलहरु ताना तानमा छन्। तर कसरी ठगिएको छु भने कुराको हेक्का छैन। संविधानमा भएको व्यवस्थालाई पनि नागरिकता ऐनमा ल्याएको छैन। तर नागरिकताको समस्या समाधान भयो भन्दै विज्ञप्ति निकालेर त्यसको जस लिने होडबाडी चलेको छ। नागरिकताको विधेयक सदनमा जाँदा वा राष्ट्रपति समक्ष पठाउँदा वा मन्त्रीपरिषदमै छलफलका लागि जाँदा एकचरण मधेशवादी दलसँग छलफल गर्नुपर्थ्यो। यो ऐन संशोधन हुँदा कहाँ समस्या हुन्छ, कहाँ अड्चन आउनसक्छ ती सबै कुराको विश्लेषण गरेर मात्र अगाडि बढ्नु पर्थ्यो तर ठूला दलकै भरोसामा मधेशवादी दलहरु पनि रहे। गठबन्धन दलका ग्राइण्ड डिजाइनमा यो नागरिकता ऐन संशोधन विधेयक आएको हो। जुन कुराको सुइको समेत यी दलहरुले पाउन सकेन। मधेशवादी दलले पनि मधेश जनताको आँखामा धुलो झोक्ने काम गरेको छ। नागरिकता समस्या समाधान गराएको भन्छन्। त्यसको आडमा अन्य मुद्दालाई पनि ओझेलमा पारेको छ। त्यसैले अहिले दीपावली मनाउने कुरा नै होइन किनभने अदालतले जुनसुकै बेला जे पनि गर्न सक्छन्।

**संविधानमा भएको व्यवस्था पनि नागरिकता ऐनमा ल्याउन सकेको छैन भनि तपाईले भन्नुभयो त्यो कसरी ?**

बैवाहिक नागरिकताको बारेमा केही बोलेको छैन। जब कि विदेशी नागरिकले नेपाली नागरिकसँग गरेको हकमा नागरिकताको के हुन्छ भन्ने विषयमा यो ऐनले अहिले केही बोलेको छैन। जब कि सबभन्दा बढी विवाद यही विषयमा भएको थियो। अंगिकृत नागरिकताको विषय पनि त्यति स्पष्ट भएको छैन। गैरअवासीय नागरिकताको विषयमा पनि अहिलेको ऐनले केही बोलेको छैन। आमा बुवाको अतोपतो नहुनेको हकमा नागरिकताको के हुने त्यसको बारेमा पनि केही बोलेको छैन। अर्थात यी अहिले समस्याकै रुपमा कायम छ।

**अहिले यो विधेयक प्रमाणिकरण भएपछि समाधान चाहि के भएको हो त ?**

वंशजको आधारमा नागरिकता पाउने भएको छ। जन्मसिद्धका आधारमा नागरिकता पाएका आमा-बुवाका सन्तानले पनि जन्मसिद्धकै आधारमा नागरिकता पाउने भएको छ। यस्ता केही समस्या समाधान भएको छ। तर अहिले पनि त्यो कार्यान्वयनमा आउँछ भने कुरामा शंका छ। सरकारले त्यतिबेला पिडितहरु मैतीघरमा गरेको आन्दोलनको दबावका कारण नागकिरताको बारेमा निर्णय गरेको हो। केही समय चित्त बुझ्छन् रमाउँछन् पछि थाह पाएपछि पछि बिस्तारै गर्दै गरौला भन्नका लागि छाडिएको हो जस्तो लाग्छ।

**खासमा नागरिकता समस्या के हो त ?**

मेरो विचारमा नागकिरताको समस्या छदैछैन। यो जवर्जस्ती क्रिएशन गरिएको हो। मुख्य समस्या मानसिकताको हो। नेपालका शासकहरुको मानसिकता ठिक भयो भने यो नागरिकता समस्या एक घण्टामा समाधान हुन्छ। जसले आफूलाई राष्ट्रवादी र देशभक्ति ठान्छन् उनीहरुले सबभन्दा बढी यो कुरालाई उठाएका छन्। उनीले चाहन्छन् कि यो नागरिकताको समस्या कहिले समाधान नहोस्। यसको आडमा मधेशी, आदिवासी जनजातिमाथि शासन गरि रहुँ। मधेशी, आदिवासी जनजाति यहाँका रैथाने हुन्। पछि आएकाहरु मधेशी, जनजातिमा माथि शासन गर्न थाले। शासन गर्दै गएपछि सत्ताको स्वाद थाह पाए। त्यसपछि त्यो शासन सत्ता कहिले छाडेनन् र मधेशी, आदिवासी जनजातिलाई आफ्नो अधिनमा राख्नका लागि यिनै यस्तै यस्तै नागरिकताका समस्यामा अल्झाइ रहेका छन्। मधेशी, थारु, मुस्लिमलगायत तराई मधेशमा बस्ने आदिवासी जनजातिलाई नेपाली नागरिकको दर्जा नै दिएन। कहिले के बहानामा त कहिले के बहानामा नागरिकताबाट बन्चित गरिरहे। एक तथ्यांक अनुसार नागरिकताको समस्या मधेशभन्दा पहाडमा बढी छ। तर सबभन्दा बढी चर्चा र बदनाम मधेश भएको छ।

**त्यस्तो किन त ?**

त्यसको कारण छ। पहाडमा नागरिकताको समस्या भएपनि उनीहरुको काम अवरोध भएको छैन। नाका नाकामा उनीहरुको मान्छे हुन्छन्। कुनै समस्या भयो भने उनीहरुले समाधान गरिदिन्छन्। नागरिकता नहुनेको पढाई रोकिएको, विदेश जान पाएन, बैंकमा खाता खोल्न पाएन जस्ता कुरा कहिले कहिले सुन्नुभएको छ। छैन नि। शासन प्रशासनमा उनीहरुकै हाली मुहाली हुन्छन् कुनै समस्या लिएर गए भने तुरुन्त समाधान हुने गरेको तथ्यांक पनि छ। मधेशीहरु काम लिएर जाँदा त्यही पहाडी समुदायका कर्मचारीले गर्नु पर्ने सहयोग गरेका हुँदैनन्। मधेशीहरु बेकारमा बदनामा छन्।

**त्यसो भए नागरिकताको समस्या कसरी समाधान हुन्छ त ?**

नागरिकताको समस्या समाधान कहिले हुँदैन। नागरिकताको समस्या समाधान भयो भने धेरैको रोजीरोटी बन्द हुन्छ। त्यसैले यसलाई समाधान गर्दैन जस्तो मलाई लाग्छ। संविधानमा उल्लेख भएका कुरा पनि दिन नमान्ने शासकले नागरिकताको समस्या समाधान गर्छ भनि विश्वास गर्ने आधार छैन। एउटाले बिगार्छ भने अर्कोले सुधार्ने जस्तो गर्छ। एउटा लाइनमा ती दलहरु कहिले आउदैनन्। केपी ओली नागरिकताको समस्या सामाधान गर्न खोज्दा शेरबहादुर देउवा र प्रचण्डले त्यसको विरोध गर्नुभएको थियो। अहिले त्यही देउवा र प्रचण्डले नागरिकताको समस्या समाधान गर्ने गरी अगाडि बढ्न खोज्दा केपी ओलीले असहयोग गरिरहनु भएको छ। आलोपालो विरोध र समर्थन गरिरहने तर नागरिकताको समस्या कहिले समाधान नगर्ने नियत शासकहरुमा देखिएको छ। मधेशवादी दलका नेताहरु इमान्दारीपूर्वक त्यसलाई समाधान गर्न खोज्दा ती ठूला दलहरु विभिन्न नाममा अल्झाई दिएका हुन्छन्। समाधानका लागि बढी दबाव दिन खोज्दा पार्टीसम्म फुटाई दिने गरेको दुखान्तहरु छन्। कतिपय अवस्थामा इमोशन ब्ल्यामेलिङ् गरेका हुन्छन्।

**जब नागरिकताको कुरा आउँछ अनि त्यसमा भारत पनि मुछिन्छ। नागरिकतामा भारतको के स्वार्थ छ जस्तो लाग्छ तपाईलाई ?**

नेपालको नागरिकतामा भारतको केही स्वार्थ छैन। मधेशसँग भारतको नाम मुछिएको मात्र हो। राष्ट्रवादीको नजरमा मधेशी सबै भारतीय हुन्। उनीहरुले नागरिकता लिनु भनेको भारतीयले लिनु हो भनि ठान्छन्। त्यही भएर उनीहरुले नागरिकताको विषयमा भारतलाई मुछेको हुन्छ। भारतले मधेशीलाई गिन्दा पनि गिन्दैन। मधेशीको समस्यासँग भारतको कुनै मतलब हुँदैन। उनीहरुको प्राथमिकताको विषय बोर्डर सेक्युरिटी हो। नेपालसँग सुरक्षाको विषयलाई निकै चिन्तित हुन्छ। त्यसबाहेक भारतले लिने चिन्ता भनेको विजनेश व्यपार हो। मधेशीले नागरिकता पायो कि पाएन भन्ने कुरासँग भारतको कुनै मतलब हुँदैन। बेकारमा भारतको नाम मात्र बदनाम गरेको हुन्छ। नेपालका शासकले पनि मधेशलाई देखाएर भारतसँग बार्गेनिङ गरेका हुन्छन्। नागरिकताको समस्या राष्ट्रिय समस्या हो यसमा मधेशीलाई बदनाम मात्र गरिएको छ।

**नागरिकताको समस्या राष्ट्रिय समस्या हो भन्नुभयो तर नागरिकतालाई मधेशीको नजरबाट किन हेर्छ त ?**

मैले अघि पनि भनेका थिए नि कि मधेशी भन्दा बढी नागरिकताको समस्या पहाडीमा छन्। मधेशी बेकारमा बदनाम छन्। पहाडीसँग नागरिकता नभए पनि उनीहरुको सबै काम हुन्छ तर मधेशीको त्यस्तो हुँदैन। पहाडीको नागरिकता समस्या बाहिर आउँदैन भने मधेशी आफ्नो पीडा सडकमा पोख्छन् किनभने नागरिकता नहुँदा पीडा भोगका हुन्छन्। अर्को कुरा, नेपालमा मधेशीलाई हेर्ने दृष्टि फरक छ। सोच र बुझाई फरक छ त्यही भएर नागरिकताको समस्यालाई त्यति भयावह बनाई दिएको छ।

# जसपाको युव

गत असार १० गते पार्टीको विधान अधिवेशन कार्यक्रमलाई उद्घाट
भन्नुभएको थियो, 'यो विधान अधिवेशन एउटा अधिवेशन मात्र होइन,
बनाउन उत्कृष्ट विधान बनाउने काम हुन्छ।' सोही लक्ष्य अनुसार तीन
छलफल भयो। ती समूहहरुबाट एक–एक जनाले आआफ्नो समूहका
अन्तिम रुप दिइ प्रमाणिकरण गरेर विधानलाई कार्यान्वयमा ल्याउन
आफ्नो काम गर्दैछ। तर यथार्थमा पार्टीको यो विधान जसमा तीन दिन
प्रस्तुत छ, जसपाको विधान अधिवेशनमा सहभ




## प्रगतिशिल र अत्यन्त समावेशी



**विकास तिवारी**

युवाको परिभाषा विवादित विषय बनेको छ। विधान अधिवेशनमा पनि युवा कसलाई भन्ने, कति वर्षको उमेरका लागि भन्ने प्रश्न उठेको थियो। ५० वर्षलाई पनि युवा भनिएको छ, ४५ वर्षलाई पनि युवा भनिएको छ, ४० वर्षलाई पनि युवा भनिएको छ। युवाको उमेरमा नै अन्योल रहेको छ। पार्टीले त्यसलाई स्पष्ट पारेको छैन। यद्यपी छलफलको क्रममा विभिन्न सुझावहरु आएका छन्। त्यसको आधारमा पार्टीले केही तय गर्ला तर समग्रमा पार्टीको प्रस्तावित विधान युवा मैत्री रहेको कुरामा दुईमत छैन। यो विधानले पार्टीलाई नयाँ सोच नयाँ भिजनका साथ अगाडि बढाउनेमा हामी विश्वस्त छौं। त्यस्तै, ७० वर्षको उमेर हद तोक्नु पनि युवाको पक्षमा आएको निर्णय हो। भोली त्यो कार्यान्वयन हुन्छ या हुँदैन त्यो बेग्लै कुरा हो तर अहिलेको विधानमा उमेर हद तोकिएको छ। त्यसले युवालाई पार्टीप्रति आकर्षण गर्नसक्छ। कुनै पनि पदाधिकारी दुई कार्यकालभन्दा बढी रहन नपाउने प्रावधान पनि ल्याएको छ। पार्टीका हरेक कमिटी, हरेक कलस्टरमा ४० प्रतिशत युवालाई समावेश गराउने प्रावधान ल्याएको छ। यो लागु भयो भने जसपाका लागि एउटा युवा क्रान्ति नै हुन्छ। विधानको प्रस्तावनादेखि अनुसूचीसम्म अध्ययन गर्नुभयो भने ठाउँ ठाउँमा युवालाई टच गरेको भेटिन्छ। युवालाई हरेक ठाउँमा समावेश गराएको छ। मानौं जसपा युवाका लागि बनेको छ, युवा जसपाका लागि बनेको छ। यी सबै कुरा युवालाई लक्षित गरी नै ल्याएको हो।

## अधिकार र पहिचानका लागि आन्दोलन



**बिक्की यादव**

मधेश आन्दोलनलगायत विभिन्न आदिवासी जनजातिको आन्दोलनबाट प्राप्त उपलब्धीलाई कसरी रक्षा गर्ने त्यसमा विधान विशेष फोकस गरेको छ। अझै अधिकार र पहिचानका लागि आन्दोलन बाँकी छ। त्यो प्राप्ति नभएसम्म कसरी आन्दोलनलाई अगाडि बढाउने त्यसको दिशा निर्देश गर्ने काम विधानले गरेको छ। मधेश, आदिवासी, जनजातिलाई कसरी अधिकार दिलाउने, त्यसलाई कसरी संगठित गरेर पार्टीलाई परिचालन गर्ने जस्ता विषयमा पार्टीले विधानमा नै चित्रन गरेको छ। विधानलाई अध्ययन गर्नुभयो भने पहिचानवादी आन्दोलन कसरी सफल त्यसमा पार्टीले विशेष जोड दिएको छ। र ती आन्दोलन सफल बनाउनका लागि युवा नै चाहिन्छ। बिना युवाले कुनै पनि आन्दोलन सफल भएको छैन। त्यही भएर हरेक कार्यक्रम, हरेक कमिटी, हरेक मोर्चामा युवालाई कसरी सहभागी गराउने त्यसमा पार्टीले विशेष फोकस गरेको छ। केन्द्रीय समितिदेखि लिएर हरेक समितिमा ४० प्रतिशत युवा अनिवार्य हुनुपर्छ भनि व्यवस्था गरिएको छ। त्यसले नै सबै कुरा स्पष्ट पार्छ कि जसपाका लागि युवा कति महत्वपूर्ण छ। ७० वर्ष उमेर हद तोकेको छ, त्यो पनि युवाका लागि नै हो। यदि अहिलेकै विधान हुबहु लागु भयो भने जसपाप्रति युवाको आकर्षण ह्वातै बढ्छ। यो विधानको मस्यौदा बनाउनेहरुको लक्ष्य पनि नै त्यही देखिएको छ। राजनीतिको प्याटर्न परितर्वन भइरहेको छ। अब पनि युवालाई आकर्षण गर्न सकिएन भने  पार्टी सञ्चालन गर्न मुस्किल हुन्छ। राजनीति गर्न असम्भव नै हुन्छ। त्यसैले समग्रमा भन्ने हो भने यो विधान युवा मैत्री नै हो।

## नीति निर्माण तहसम्म युवा



**सुरेश मण्डल**

हाम्रो पार्टीको विधानमा युवाका लागि कतिपय यस्ता कुराहरु समावेश गरिएको छ कि ती कुराहरु नेपालका कुनै पनि पार्टीको विधानमा छैन। पार्टीका हरेक समिति, हरेक कलस्टरमा ४० प्रतिशत युवा समावेश गराउने भनिएको छ। मलाई लाग्छ कि यो कुरा नेपालको कुनै पनि पार्टीमा छैनन्। ७० वर्षको उमेर हदले पनि पार्टीमा मात्र होइन बाहिर मिडियामा पनि चर्चा पाएको छ। एमालेले महाधिवेशनमार्फत यो प्रावधान ल्याएको थियो तर अहिले त्यसलाई हटाएको छ। जसपाले आफ्नो विधान मस्यौदामा राखेको छ। अर्थात विधान अधिवेशनमा प्रस्ताव गरिएको छ। यसको विषयमा अधिवेशनमा व्यापक छलफल पनि भयो। मिश्रित प्रतिकृया आएका छन्। त्यो प्रतिकृयाका आधारमा विधान तयार हुने अपेक्षा सबैतिरबाट भइरहेको छ। जसपा आज मात्र होइन, जहिले पनि युवा मैत्री नै हो। प्रदेशमा प्रदेश सभाका सदस्य हेर्नुस्, त्यहाँ बनेका मन्त्रीहरु हेर्नुस् ती सबै युवा छन्। यसअघिका प्रदेशसभामा पनि युवा नै युवा थिए। पहिलो संविधान सभाका सदस्यको लिस्ट हेर्नुभयो भने जसपा अर्थात तत्कालिन फोरमबाट ज्यादा युवाको नै सहभागी थिए। त्यसपछि हरेक चुनाव वा सरकार हेर्नुभयो भने युवा नै अगाडि देखिएका हुन्छन्। पार्टीमा पनि हेर्नुभयो भने युवाको भूमिका कम्ती छैन। अब अहिले विधानमार्फत नै व्यवस्थित ढंगबाट त्यसलाई अगाडि बढाउने काम गरेको छ। अब सरकारदेखि लिएर पार्टीमा युवा नीति निर्माण तहसम्म पुग्ने विश्वास लिएको छ। विधानमा राखिएको प्रावधानका कारण सम्भावनायुक्त युवाहरु अगामी नेतृत्वमा आउन सक्छ। त्यसैले पनि जसपाको यो विधान सबभन्दा प्रगतिशिल रहेको छ।

## युवामा पनि समानुपाति समावेशी



**पेशल ढकाल**

पार्टीका हरेक निकाय तथा समितिमा ४० प्रतिशत युवा सहभागी गराउने भनेको छ। विधानको मस्यौदामा नै त्यो कुरा उल्लेख गरिएको छ। त्यो लागु हुनेमा शंका पनि छ। मस्यौदामा उल्लेख छ तर अहिले जुन समिति बनेको छ त्यो समितिले त्यसलाई तलमाथि गर्न सक्छ। विधानमा धेरै कुराहरु युवाको पक्षमा छन्। तर कार्यान्वयन हुन्छ कि त्यसमा धेरै ठाउँबाट आशंका भइरहेको छ। विधान मस्यौदामा आएको कुराहरु हुबहु कार्यान्वयनमा आए भने त्यो लागु हुन्छ कि विधानमै सिमित हुन्छ त्यो पनि मननीय कुरा हो। विधान नेता केन्द्रित होइन, नीति केन्द्रित हुनुपर्छ। विधान व्यक्ति केन्द्रित होइन, कार्यकर्ता केन्द्रित हुनुपर्छ अनि मात्र त्यसमाथि अपनत्व फि्ल गर्न सकिन्छ। यहाँ संविधानमा लेखिएको कुरा कार्यान्वयनमा आएको छैन भने विधानमा लेखिएको कुरा व्यवहारमा कति लागु हुन्छ त्यसमा पनि बहस हुने कुरा हो। ४० प्रतिशत युवालाई विधानमा आरक्षित गरिएको छ। ल त्यो लागु भयो भोली गएर ती युवालाई पार्टीको नीति निर्माण तहमा लैजान्छ कि लैजाँदैन त्यसमा पनि विचार गर्नुपर्ने कुरा आएको छ। ४० प्रतिशत युवा राखेर मात्र हुँदैन, त्यो पनि ४० प्रतिशत पनि समावेशी हुनुपर्छ। त्यो युवा कुनै नेताको गोजीको हुनुहुँदैन। यो विधानले नेता तथा कार्यकर्तामा जागृत ल्याएको छ तर त्यो कन्टिन्यु हुन्छ कि हुँदैन त्यो हेर्नुपर्छ। पार्टीमा युवालाई थन्काएर मात्र हुँदैन त्यसलाई पनि विजनेश दिनुपर्छ। जिम्मेवारी दिनुपर्छ अनि मात्र त्यो विधान प्रगतिशिल र समावेशी हुन्छ। युवालाई भूमिका विहिन राख्यो भने रवि लामिछाने, रेशम चौधरी, सिके राउत जस्ताको नेतृत्व जस्तै अरु पनि पार्टी जन्मिन सक्छ। युवाका आकर्षण अहिले ती पार्टीतिर बढ्दै गएको छ। त्यसलाई रोक्नका लागि पार्टीमा युवालाई समावेश गराई जिम्मेवारीका साथ इङ्गेज गराउनुपर्छ।

# ामैत्री विधान

न गर्दै जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान सभा जस्तै हो जहाँ पार्टीलाई जिवन्त राख्न, प्रगतिशिल दिनसम्म विधानमाथि छलफल र बहस भयो । १० वटा समूह बनाएर ुरा राखे । अधिवेशनबाट उठेका विषय वस्तुलाई समेटेर त्यसलाई अध्यक्ष यादवको नेतृत्वमा एक समिति बनेको छ । त्यो समितिले सम्म छलफल भयो । त्यसमा युवाको लागि के कस्तो व्यवस्था छ । ागि भएका युवाको भनाइ जस्ताको त्यस्तैः




## युवा मैत्री विधान




**जय यादव**

देशमा जति वटा पार्टीहरु छन् ती सबै पार्टीको विधानभन्दा जसपाको यो विधान अग्रगामी रहेको छ । मलाई लाग्दैन कि यो भन्दा राम्रो विधान कसैको छ । अत्यन्त समावेशी, प्रगतिशिल र युवा मैत्री विधान रहेको छ । यो विधान कार्यान्वयनमा आयो भने जसपा पार्टी युवाको पार्टी हुनेछ । नीति निर्माण तहदेखि लिएर हरेक ठाउँमा युवाको उपस्थिति अनिवार्य जस्तै बनाएको छ । हरेक समितिमा ४० प्रतिशत युवाको आरक्षण फिक्स गरेको छ । कति उमेरकालाई युवा मान्ने त्यो बेग्लै कुरा हो तर जसपाका लागि युवा अनिवार्य व्यवस्था भएको छ । त्यस्तै ३३ प्रतिशत महिला पनि सहभागी हुनुपर्ने अनिवार्य जस्तै बनाएको छ । राजनीतिमा पछाडी परेका युवालाई कसरी पार्टीमा समावेश गराउने, त्यसलाई कसरी अगाडि बढाउने त्यसको बारेमा विधान नै गम्भिर भएको देखिन्छ ।

तीन दिनसम्म प्रज्ञा भवनमा चलेको बहसमा अधिकाँश युवा नै सहभागी थिए । प्रज्ञाको हलमा उपस्थित चेहरा हेर्नुभयो भने ९० प्रतिशत युवा नै सहभागि थिए । पार्टी अहिले पनि युवा मैत्री नै छ । तर यो विधानले अझै व्यवस्थित गरेको छ । ७० वर्ष उमेर पुगेका व्यक्ति पार्टीको कुनै पनि समितिमा बस्न पाउँदैन भन्ने व्यवस्था गरेको छ । त्यो शतप्रतिशत युवा लक्षित व्यवस्था नै हो । रिटायर्ड भएर कोही ठाउँ छाड्छ भने त्यहाँ जाने कुनै युवा नै हुन्छ । त्यसैले समग्रमा भन्ने हो भने यो युवा मैत्री विधान हो ।

## युवाको काँधमा जिम्मेवारी



**रेणु यादव**

जसपा पार्टीले आफ्नो विधानमार्फत युवालाई आकर्षित गर्ने काम गरेको छ । विधानमा जति पनि प्रावधानहरु राखिएका छन् युवा केन्द्रीत नै हो जस्तो लाग्छ मलाई । जसपाको यो विधान प्रतिगतिशिल, समाजवादी, समावेशी समानुपातिक आधारमा तयार गरिएको हो । पार्टीका हरेक समितिमा युवाका लागि ४० प्रतिशत सीट अनिवार्य गरिएको छ । महिलाका लागि ३३ प्रतिशत सीट अनिवार्य गरेको छ । दलित, शिल्पी, आदिवासी जनजाति, पिछडिएका समुदायका लागि विशेष व्यवस्था गरेको छ । अर्थात समावेशी र पहिचानको पूर्ण प्याकेज हो जसपाको विधान । सबभन्दा बढी चर्चामा रहेको ७० वर्ष उमेर हद, यो पनि युवाकै लागि ल्याएको हो जस्तो लग्छ । यो लागु हुन्छ कि हुँदैन त्यो बेग्लै कुरा हो यदि यो कायम रह्यो भने जसपामा युवाहरु चाँडै नै नेतृत्वमा पुग्छन् । ७० वर्षीय उमेर हद कायम राख्यो भने युवालाई नेतृत्वमा पुग्न १० वर्ष पनि लाग्दैन । त्यस्तै, अहिलेको विधान मस्यौदामा एक जना व्यक्ति पदाधिकारीमा दुई कार्यकालभन्दा बढी बस्न पाउँदैन भनि प्रावधान राखिएको छ । भोली गएर के हुन्छ थाह छैन तर त्यो प्रावधान पनि कायम रह्यो भने युवा पार्टीको नीति निर्माण तहमा चाँडै पुग्ने विश्वास गर्न सकिन्छ । त्यसैले यो विधान पूर्णत युवा मैत्री विधान हो ।

## युवालाई अझ व्यवस्थित गर्ने विधान



**जेपी यादव**

अहिलेको यो प्रस्तावित विधान पढ्नु भयो भने युवाकै लागि नै बनाएको हो भनि महसुस हुन्छ । विधान कार्यान्वयनमा आएपछि नेतृत्वदेखि लिएर हरेक सेक्टरमा युवाको पहुँच हुन्छन् । यद्यपी विधानमाथि भएको छलफल र त्यहाँ उठेको कुरा समावेश गर्ने कि नगर्ने, के गर्ने, के नगर्ने विषयमा छलफल गरी समावेश गर्नका लागि पार्टीका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा एक समिति बनेको छ । सायद समितिले आफ्नो काम सुरु गरिसकेको छ । हरेक समितिमा ४० प्रतिशत युवा अनिवार्य गरेको छ । यदि यो कार्यान्वयन भयो भने नेपालको राजनीतिमा एउटा क्रान्ति नै हुन्छ । अहिले यो प्रस्तावित मात्र हो । भोली गएर हट्न पनि सक्छ, रहन पनि सक्छ तर प्रस्तावित विधान अर्थात विधानको मस्यौदामा यो कुरा उल्लेख छ । युवाको उमेर कति रहने त्यो बहसको विषय बनेको छ । त्यो पनि छलफलमा आएको विषय हो । कसैले ४५ भनेको छ भने कसैले ४९ भनेको छ । अरु अरु कुरा पनि आएको छ । पार्टीले अध्ययन गरी एउटा उमेर हद तोक्न सक्छ । आउने दिनमा युवालाई आकर्षित गर्ने एक मात्र पार्टी जसपा हुन्छ । ७० वर्षको उमेर हद तोक्नु पनि युवा लक्षित नै हो । अहिले पनि जसपामा युवाको आकर्षण छ तर यो विधानले झन व्यवस्थित गर्ने भएको छ ।


## नीति निर्माण तहमा युवा



**खेमनारायण यादव (राहुल)**

तीन दिनसम्म समूह बनाएर गराइएको छलफलमा सबभन्दा बढी उठेको कुरा युवाकै हो । सबै समूहमा युवाकै बर्चस्व थियो । जसपामा युवालाई माथिल्लो तहसम्म लैजानुपर्छ । जसपाको नेतृत्व युवाले गर्नुपर्छ भनि चर्चा व्यापक भयो । त्यही अनुसारको सुझाव पनि पार्टीलाई गएको छ । मधेश आन्दोलन होस् या जनआन्दोलन, वा माओवादी जनयुद्ध होस् या थरुहट आदिवासी जनजातिको आन्दोलन सबैमा युवाको सक्रिय सहभागिता रहेका थिए । सहादत दिनेमा पनि युवा नै देखिन्छ । त्यसैले विधानको प्रस्तावनामा नै युवालाई समावेश गर्ने सुझावहरु पनि पार्टीलाई गएको छ । विधानको अन्य भागमा पनि युवाको बारेमा व्यापक कुरा उल्लेख छन् । युवालाई ४० प्रतिशतको आरक्षण यो त जसपाका लागि क्रान्तकारी कदम नै भएको छ । सायद यस्तो प्रावधान अन्य पार्टीमा पनि छैन । हामी चाहन्छौं कि यो लागु होस् । ७० वर्ष उमेर पार गरेका व्यक्ति पार्टीको कुनै पनि समितिमा रहन पाउँदैन जुन प्रावधान राखिएको छ त्यो पनि काबिले तारिफ छ यद्यपी यसको बारेमा मिश्रित धारणा आएको छन् । विधानमा युवालाई जसरी समावेश गरिएको छ त्यसरी नै अन्य कुरामा पनि युवालाई समावेश गरिनुपर्ने आवाज पनि उठेको छ । पार्टीबाहेक अन्य ठाउँमा पनि विभिन्न अवसरहरु हुन्छन् त्यहाँ पनि युवालाई सहभागी गराउनु पर्छ । युवा आन्दोलनका लागि मात्र होइन कि आन्दोलनपछि आउने अवसरका लागि पनि चाहिन्छ भनि सन्देश दिनु आवश्यक छ ।

## क्रान्तकारी र समावेशी विधान



**सन्तोष सिलवाल**

जसपा युवा मैत्री पार्टी हो भन्ने कुरामा अब कुनै आशंका रहेन । सांसददेखि मन्त्रीसम्मको नामावली हेर्नुभयो भने त्यो कुरा थाह हुन्छ । पार्टीको अन्य कमिटी पनि हेर्नुभयो भने युवाको सहभागिता ज्यादा भन्दा ज्यादा छन् । अधिकाँश पदमा ५० भन्दा कम उमेरकाहरु पनि छन् । र, त्यसलाई अझै समावेश र प्रगतिशिल बनाउन नयाँ बन्न लागेको विधानले भूमिका खेल्नेमा हामी विश्वस्त छौं । संगठन विस्तारदेखि लिएर पार्टीको हरेक गतिविधिमा युवाको संलग्नता रहदै आएको छ । युवा विद्यार्थीले हरेक मोर्चा सम्हाल्दै आएका छन् । अब मोर्चा सम्हाल्ने मात्र होइन, नीति निर्माणको तहमा पनि युवा आउनुपर्छ भन्ने कुराको बोध भएको छ । त्यही भएर अहिले युवाका लागि विधानमै विशेष व्यवस्था गर्न लागेको हो । हरेक कमिटीमा युवाको संलग्नता अनिवार्य गरेको छ यो युवाका लागि ठूलो अवसर हो । ७० वर्षका बुढापाकाहरु पार्टीबाट रिटायर्ड हुने व्यवस्था पनि विधानको मस्यौदा रहेको छ । ४० प्रतिशत युवा पार्टीको हरेक समितिमा अनिवार्य समावेश गराउने प्रावधान पनि पार्टीमा राखिएको छ । यो ऐतिहासिक काम नै हो । यदि त्यो कार्यान्वयनमा आयो भने नेपालको राजनीतिमा एक खालको क्रान्ति नै हुन्छ । हाम्रो पार्टीको यो मस्यौदाले युवाका लागि मात्र होइन, पहिचानका लागि विशेष व्यवस्था गरेको छ । पहिचानका आधारिक राष्ट्रिय समिति बनाउनुको साथै प्लस वानको अवधारणमा प्रदेश समिति पनि बनाएको छ । त्यसैले यो विधान अन्य पार्टीको विधानभन्दा धेरै कुारमा फरक छ । मस्यौदा नै यति प्रतिगतिशिल र युवा मैत्री छ भने पूर्ण रुपमा तयार भइ कार्यान्वयनमा आयो भने त्यो कस्तो हुन्छ अनुमान गर्न सक्नु हुन्छ ।

# जसपामा सानालाई ऐन, ठूलालाई चयन

'सानालाई ऐन, ठूलालाई चयन' भनाई अहिले कुनै पार्टीसँग मेल खान्छ भने त्यो हो जनता समाजवादी पार्टी नेपाल । जसपाका कार्यकर्ताहरुले भन्न थालेका छन्, नियम कानुन त सानाका लागि मात्र हो, ठूलाका लागि त त्यो हतियार हो चाहिएको बेला जो माथि पनि चलाउन सक्छन् । जसपामा तल्लो तहका नेता तथा कार्यकर्ताहरु यतिखेर दुखि र चिन्तित देखिएका छन् ।

२०७४ को प्रतिनिधि सभा र प्रदेश सभा चुनावमा पार्टीभित्र अन्तर्घात गरेको भन्दै पार्टीले छानविन गरी दोषीलाई कारवाही गरेको छ । तर कारवाही सबै सानो तहका नेता तथा कार्यकर्तालाई भएको छ । सोझा सिधा निमुखालाई भएको छ, जसले पार्टीका अन्तरर्घात गर्न हिम्मत नै गर्दैनन् । जसपाका एकजना केन्द्रिय सदस्यले भन्नुभयो, 'चुनावमा अन्तरर्घात गरेको नाममा कारवाही गरेको नामावली हेर्नुस् र त्यसको ब्याकग्राउण्ड पत्ता लगाउनुस् कुन हैसियतका नेता हुनुहुन्छ, अन्तरर्घात गरेर आफ्नै पार्टीका उम्मेदवारलाई हराउन सक्छ कि सक्दैन त्यो स्पष्ट हुन्छ ।' चुनावमा अन्तरर्घात गरेर पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायत अन्य नेताहरुलाई ककसले कसरी चुनाव हराए ती सबै कुरा प्रतिवेदनमा उल्लेख छ । त्यो प्रतिवेदनमा सबैको बयान छ । गलत गरेकाहरुको विरुद्धमा प्रमाणसहित उजुरी परेका चिठी पत्र छन् ती सबै अध्ययन गर्दा सबै कुरा स्पष्ट हुन्छ । ठूला नेताहरुलाई बचाउने काम भएको छ । उपेन्द्र यादवलाई कसले हराउनमा भूमिका खेले सञ्चारमाध्यममा मात्र आएको होइन यो कुरा अध्यक्ष उपेन्द्र यादवलाई पनि थाह छ, पार्टीबाट निष्काशनमा परेका एक केन्द्रीय सदस्यले सहारा टाइम्ससँग भन्नुभयो, 'पार्टीका अध्यक्ष उपेन्द्र यादवजीले शैलेन्द्र साह, मनिष सुमन, मृगेन्द्रकुमार सिंह, रेणु यादव, दिनेश कार्तुसलगायतलाई कारवाही गर्न किन आँट गर्न सक्नु भएको छैन सबैतिर प्रश्न उठेको छ ।'

यदि उहाँहरु दोषी होइन भने पार्टीले विस्तृत प्रतिवेदन मिडिया सामु सार्वजनिक गरोस् दुधका दुध पानीका पानी हुन्छ भन्दै उहाँले को दोषी छन् त्यसका सबै प्रमाण उपेन्द्र यादवले आफ्नो दराजमा थन्काएर राख्नु भएको छ, पार्टीभित्रका कसैलाई हेर्न पनि दिनुभएको छैन । त्यो पोकामा के छन् त्यो कुरा छानविन समितिका सदस्य र उपेन्द्र यादवबाहेक कसैलाई थाह छैन ।

पार्टीमा कसैलाई कारवाही गर्नुभन्दा पहिले त्यसलाई स्पष्टिकरण दिने मौका दिनुपर्छ । फाँसी दिनुभन्दा पहिले उसको इच्छा सोधिन्छ तर यहाँ जसपामा सिधै एकैपटक फाँसी नै दिएको गुनासो एक नेताले गर्नुभयो । विगतमा पनि चुनावमा अन्तर्घात भएको भन्दै छानविन समिति बनेको थियो । तर त्यो कहिले सार्वजनिक भएन, न कसैलाई कारवाही भए । यसपटक पार्टीका अध्यक्ष उपेन्द्र यादव आफू स्वयं परेपछि प्रतिवेदनलाई कार्यान्वयमा ल्याउनु भएको हो ।

कार्यान्वयनमा ल्याउनु राम्रो कुरा हो तर सत्य तथ्यका आधारमा प्रतिवेदन सार्वजनिक गर्नुपर्थ्यो । सानालाई कारवाही गरेर ठूलालाई तर्साउने काम पार्टीले गरेको छ । कतिपयको संलग्नता नै छैन तर त्यतिकै कसैले उजुरीमा नाम हालिएको आधारमा दोषी देखाएर कारवाही गरेको कारण धेरैको चित्त दुखेको ती नेताले बताउनुभयो । असार ९ गते केन्द्रीय समिति बैठकबाट पाँच जनालाई कारवाहीको घोषणा गर्दा बैठक स्थलमै होहल्ला भएको थियो । त्यसपछि बाध्य भएर उपेन्द्र यादवले कारवाहीप्रति जजसको चित्त बुझेको छैन उसलाई १५ दिनभित्र पुरनारवेदन गर्न भन्नुभएको छ तर जसले जति पुनरावेदन गरेपनि कुनै सुनुवाई हुनेबाला छैन किनभने ठूलालाई बचाउनका लागि यी प्रपञ्च भएको बताइन्छ ।

जसरी प्रहरीहरुले कुनै भिआइपीलाई बचाउनका लागि कुनै कमजोर मान्छे, तल्लो तहका मान्छेलाई समातेर सार्वजनिक गरेका हुन्छन् त्यसरी जसपा नेपालमा पनि भएको छ, ठूलालाई बचाउनका लागि सानालाई कारवाही गरेको गुनासो पार्टीभित्र भइरहेको छ ।

# पार्टी फुट्ने डरले 'राइट टु कल' बाट 'ब्याक' सिके राउत

जनमत पार्टी नेपालका अध्यक्ष सिके राउतले आफ्नो पार्टीमा 'राइट टु कल' नीतिलाई कार्यान्वयनमा ल्याउनु भएको प्रचार सो पार्टीले ब्यापक गर्‍यो । जेठ १२ गते सम्पन्न केन्द्रीय समितिको बैठकले दुई जना समानुपातिक सांसदलाई फिर्ता बोलाउने निर्णय गरेको थियो तर हालसम्म त्यो कार्यान्वयनमा आएको छैन । सांसद, मन्त्री, जनप्रतिनिधि वा पार्टी पदाधिकारीलाई जुनसुकै बेला पदबाट फिर्ता बोलाउने सकिने नीति जनमत पार्टीले बनाएको भन्दै सो पार्टीका नेताहरु गर्व गर्नुहुन्छ । तर फिर्ता बोलाउने निर्णय गरेको एक महिना भन्दा बढी भइसक्यो तर हालसम्म फिर्ता बोलाएको निर्णय कार्यान्वयमा आएको छैन ।

केन्द्रिय समितिको बैठकले प्रतिनिधि सभाका समानुपातिक सांसद मोरङका सोनु मुर्मुर र सिरहाका विनिता सिंहलाई सांसदबाट पदबाट हटाउने निर्णय गरेको थियो । उहाँहरुले अनुशासन उल्लंघन गरेको आरोपमा कारवाही गरेको हो । मुर्मुर दलित कलस्टरबाट सांसद बन्नुभएको थियो भने सिंह जनजाति कोटाबाट सांसद बन्नुभएको थियो । मुर्मुरको ठाउँमा कपिलवस्तुका दुर्गावत्ती धोवीलाई ल्याउने निर्णय गरेको छ भने सिंहको ठाउँमा कसलाई ल्याउने अहिले निर्णय नभएको स्रोतले जनाएको छ । सिके राउतले बैठकपछि सार्वजनिक गर्नुभएको निर्णयमा यो कारवाहीको विषय उल्लेख गर्नुभएको छैन तर उहाँले संगठन संचालनमा आइपरेका विभिन्न समस्याहरूमा छलफल गर्दै अनुशासन कडाईका साथ पालन गराउने, पदमा भए जिम्मेबारी बहन गर्नु पर्ने अन्यथा पद छोड्नु पर्ने, जनप्रतिनिधिहरूलाई कडाईका साथ पार्टी र जनताप्रति उत्तरदायी बनाउने, पार्टीको निर्देशन पटक-पटक नमान्ने, अटेरी गर्ने, गूटबन्दी गर्ने, पार्टी फुटाउन षड्यन्त्र गर्नेहरूलाई कारबाही गर्ने स्पष्ट नीति लिएको उल्लेख गर्नुभएको छ ।

सांसद फिर्ता बोलाउने निर्णय सिके राउतका लागि घाँडो भएको छ । पाँच जना सांसद रहेको जनमत पार्टीमा दुई जना सांसद हटाउने निर्णय गरेसँग पार्टीमा अर्को पार्टी बनाउने चलखेल सुरु भएको थियो । सिके राउतको व्यवहारबाट असन्तुष्ट केही सांसद गुटबन्दी गर्न थालेपछि अध्यक्ष राउत तत्कालका लागि ब्याक हुनुभएको छ । तर उहाँले यो निर्णयलाई विस्तारै कार्यान्वयनमा ल्याउने तयारीमा रहेको बुझिएको छ ।

## पत्रकार महासंघलाई स्पष्टीकरण माग

नेपाल पत्रकार महासंघ, सिरहा शाखालाइ सात दिनभित्र लिखित जवाफ पेस गर्न राष्ट्रिय सूचना आयोगले पत्राचार गरेको छ । जेठ ३२ गते बसेको आयोगको इजलासले सूचना उपलब्ध नगराउनु पर्ने आधार, प्रमाण र कारणसहित सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा १० को उपदफा २ बमोजिम सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश गरेको छ ।

नेपाल पत्रकार महासघ, सिरहा शाखाका सदस्य समेत रहेका सिरहा गोलबजारका गोबिन्द बहादुर बिष्टले नेपालको संबिधान, २०७२ को धारा २७ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले दिएको अधिकार प्रयोग गरी सिरहा पत्रकार महासंघसँग बैशाख ९ गते सूचना माग गर्नुभएको थियो । नेपाल पत्रकार महासंघ, सिरहाका सूचना अधिकारीले माग गरिएको सूचना उपलब्ध नगराएपछि बैशाख २९ मा कार्यालय प्रमुखको नाममा उजुरी दिनुभएको थिया । उजुरीपछि पनि सूचना नपाएपछि जेठ २९ राष्ट्रिय सूचना आयोगमा पुनराबेदन गरेपछि आयोगले लिखित जवाफ माग गरेको सूचना अभियान बिष्टले बताउनुभयो ।

बिष्टले सिरहा पत्रकार महासंघको सिरहामा रहेको कार्यालय भाडामा लगाउँदा सिरहा नगरपालिकासँग गरेको सम्झौता भाडावापतको रकम कुन बैकको कति न खातामा जम्मा हुन्छ र ती रकम केमा खर्च हुन्छ । कार्यालय सञ्चालनमा लाग्ने खर्च कसले ब्यहोर्छ लगायतका सूचना माग गरेको हो ।

यसैबीच सिरहाको बिष्णुपुरवाट प्रकाशन भइरहेको मिथिला रत्न पत्रिकाले सूचना उपलब्ध न गराएपछि आयोगले ती पत्रिकाको कार्यालयसँग पनि स्पष्टीकरण माग गरेको हो । सूचना नदिनुपर्ने कारण, आधार र प्रमाण सहित सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश गरेको हो । सिरहा भगवानपुर २ का महेश कुमार यादवले मिथिला रत्न दैनिक पत्रिकाको लेखापरीक्षण प्रतिबेदन सम्पादकको शैक्षिक योग्यता, कार्यरत जनशक्तिको नामावली विवरण, पाउने पारिश्रमिक २०७६/७७, २०७७/७८ र २०७८/७९ मा बिज्ञापनवापत बुझेको रकम र तिरेको राजस्वको प्रमाण माग गरेको हो ।

**नेपालमा....**

फागुन २ गते माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन स्वास्थ्य उपचारका लागि चीन प्रस्थान गरेको तीन दिनपछि राजदूत चेन स्वम्भुमा रहेको आनन्दकुटी विश्वविद्यालयको भ्रमण गर्नुभएको थियो । त्यसको भोलीपल्ट फागुन ६ गते पाटन दरबार स्क्वायरमा भएको फन रनमा उहाँ सहभागी हुनुभएको थियो । त्यही दिन उहाँले एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बालकोटमा गएर भेट्नु भएको थियो भने माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका देशीय निर्देशक फारिस हदाद-जेर्भोसलाई पनि त्यही दिन भेट्नु भएको थियो । उहाँले युनेस्को नेपालको प्रतिनिधि माइकल क्रफ्टलाई पनि भेट्नु भएको थियो । त्यसअघि राजदूत चेनले माघ २ गते पनि प्रधानमन्त्री प्रचण्डलाई भेट्नु भएको थियो । त्यो भेटघाटपछि मात्र प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी ओलीसँग भेट्न बालकोट जानुभएको थियो । त्यसपछि माघ ४ गते चिनियाँ राजदूत चेनले एमालेका अध्यक्ष केपी ओलीलाई बालकोटमा गएर भेट्नु भएको थियो । यी सबै भेटघाटको एउटै उद्देश्य थियो समाजवादी मोर्चा गठन ।

फागुन ११ गते चिनियाँ राजदुत चेन सोङले निर्माण भइरहेको चक्रपथको अवलोकन गर्न उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको साथमा जानु भएको थियो । त्यसअघि माघ १५ गते उपप्रधानमन्त्री श्रेष्ठसँग राजदूत चेन मन्त्रालयमा गएर भेट्नु भएको थियो । फागुन २९ गते उपप्रधानमन्त्री श्रेष्ठले मन्त्रालयमा वैदेशिक लगानीका लागि चिनियाँ सरकारको छाता संस्था 'काउन्सिल फर द प्रमोशन अफ इन्टरनेशनल ट्रेड' (सीसीपीआईटी) का उपाध्यक्ष झाङ शाओगाङसँग भेटघाट गर्नुभएको थियो । फागुन २५ गते राजदूत चेन र महानगरपालिका मेयर बालेन साहबीच भेटघाट पनि भेटघाट भएको थियो । त्यसअघि उहाँले माघ ४ राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग पनि भेट्नु भएको थियो । गत माघ ५ गते चीनको नयाँ वर्षको उपलक्ष्यमा नेपालस्थित चिनियाँ दूतावासले याक एण्डमा आयोजित कार्यक्रमको प्रमुख अतिथी अध्यक्ष तिमिल्सिना हुनुहुन्थ्यो । त्यही दिन नेपाल-चीनको बारेमा ध्यानाकर्षण गराउन नेपाल-चाइना चेम्बरम अफ कमर्सका प्रतिनिधिहरुले प्रधानमन्त्री प्रचण्डलाई भेटेका थिए सो भेटमा बाबुराम भट्टराईका छोरी मानुषी यमी पनि हुनुहुन्थ्यो ।

त्यसअघि गत माघ ६ गते राजदूत चेनले काँग्रेसका सभापति देउवा, तत्कालिन अर्थ मन्त्री विष्णु पौडेल, तत्कालिन परराष्ट्रमन्त्री पौडेल र परराष्ट्र सचिव भरतराज पौडेलसँग एकैदिन छुट्टाछुट्टै भेट्नु भएको थियो । त्यही दिन रेलअध्ययन गर्न आएका चिनियाँ टोली स्वदेश फर्केको थियो । गत माघ २६ गते प्रधानसेनापति प्रभुराम शर्मासँग नेपालका लागि चीनका राजदूत चेनले भेट्नु भएको थियो । त्यसअघि गत पुस ३ गते तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डरीले सरकार निर्माणका लागि गरेको आह्वानका दिन कार्यवाहक राजदूत वाङ सिनल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनलाई भेट्नु भएको थियो । पुस १२ रेल्वे अध्ययनका लागि चिनियाँटोली नेपाल आइपुगेको थियो ।

**सिंगापुरबाट....**

केही दिन पहिले एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि यसैगरि एउटा कुरामा यो कुरा स्पष्ट पार्नुभएको थियो । सभापति देउवा सिगांपुर भ्रमणमा गएपछि उहाँको पार्टीका कोही पनि भेट्न आउनु भएको छैन । आफूले नै देउवासँग पटक पटक भेट्न चाहदा भेट भइरहेको छैन भनि स्पष्ट पार्नुभएको थियो । काँग्रेसका एक नेताले सहारा टाइम्ससँग कुरा गर्दै भन्नुभयो, 'यसरी दुवै पक्षबाट कुरा आइसकेपछि अब स्पष्ट हुन्छ कि पूर्वप्रधानमन्त्री समेत रहनु भएका सभापति देउवा सिगांपुरबाट फर्केपछि सरकार र गठबन्धन झन बलियो भएको छ ।'

**मधेसमा....**

भएन । एक टिभीलाई अन्तरवार्ता दिँदै प्रधानमन्त्री प्रचण्डले उपेन्द्र यादवका कारण बाबुरामलाई मोर्चामा ल्याउन नसकिएको प्रष्ट पार्नुभएको थियो । माओवादी केन्द्रसँग एकीकरण नै गर्न लागेको अवस्थामा उपेन्द्र यादवले बाबुरामलाई मोर्चामा सामेल नगराउन अडान लिनु प्रचण्डका लागि कुनै आश्चर्यको विषय होइन । मोर्चामा नल्याउनु उपेन्द्र यादवको यो माग प्रचण्डका लागि मामुली हो, माओवादी केन्द्रका ती नेताले भन्नुभयो, 'जहाँ उपेन्द्र यादव स्वयं नै पार्टी एकीकरणका लागि तयार हुनुभएको छ त्यहाँ त्यस्ता कति बाबुरामलाई छाड्न प्रचण्डजी तयार हुनुहुन्छ ।'

तर मोर्चामा रहेका कुनै पनि दलसँग एकीकरणको सम्भावना नरहेको जसपाका कार्यकारिणी सदस्य गोविन्द चौधरीले बताउनुभयो । उहाँले सहारा टाइम्ससँग कुरा गर्दै भन्नुभयो, 'फरक फरक विचार समूहको भएपनि एउटा विषेश एजेण्डाका साथ मोर्चाबन्दी गर्नु भनेको एकीकरणको प्रकृया होइन विगतमा पनि कम्युनिष्ट पार्टी र गैरकम्युनिष्ट पार्टीबीच मोर्चाबन्दी भएको थियो अहिले पनि त्यस्तै भएको हो एकीकरणको कुनै सम्भावना छैन ।'

माओवादी केन्द्रका नेता रामकुमार शर्माले पनि तत्काल पार्टी एकीकरणको कुनै सम्भावना नरहेको बताउनुभयो । अहिले यो मोर्चामार्फत काम कारवाही अगाडि बढाउँछन्, चुनावका नजिक गएर अवस्था कस्तो सृजना हुन्छ त्यसको आधारमा थप निर्णय लिन सक्ने अवस्था बन्न सक्छ तर अहिले नै एकताको विषयमा कुनै चर्चा नरहेको दावी गर्नुभयो । जसपाका अध्यक्ष उपेन्द्र यादवले कम्युनिष्ट पार्टी वा माओवादी पार्टीलाई कुनै पनि हालतमा स्विकार गर्ने पक्षमा नरहेको कुरा आफ्नो बुझाई रहेको बताउँदै उहाँले माओवादीले नै आफ्नो नाम परिवर्तन गर्‍यो भने भविष्यमा त्यो अवस्था आउनसक्छ तर अहिले आफूले त्यस्तो कुनै सम्भावना नदेखेको बताउनुभयो ।

**सिंहदरवारमा....**

डोभालको नक्कल गर्नुभएका बैरागी विसं २०४४ मा परराष्ट्र सेवामा प्रवेश गर्दा बैरागी सुब्बा तहका कर्मचारी हुनुहुन्थ्यो । केही वर्षपछि लोकसेवाको प्रतिस्पर्धाबाट परराष्ट्र सेवाको अधिकृतमा नाम निकाल्न सफल बैरागी उपसचिव र सहसचिवम्म पुग्नु भएको थियो । जेनेभा (स्विट्जरल्यान्ड) स्थित संयुक्त राष्ट्रसंघीय नियोगमा नेपालको तर्फबाट केही राजदूत पनि बन्नुभएका परराष्ट्र सेवामा वरिष्ठतम् सहसचिव बैरागी नै रहेकाले राजदूतको कार्यकाल पूरा नहुँदै उहाँ मन्त्रालय फर्किनु भएको थियो । दुई वर्ष 'कामु सचिव' मा काम गर्नुभयो । २०७३ मा परराष्ट्र सचिवमा बढुवा भएपछि करिब चार वर्षपछि उहाँ मुख्यसचिव बन्नुभएको थियो । अहिले सुरक्षा सल्लाहकार नियक्त हुनुभएको छ । सुरक्षा र परराष्ट्र सम्बन्धी कुनै वार्ता वा छलफल गर्नु पर्दा भारतका प्रधानमन्त्री मोदीले डोभाललाई अघि सार्ने गर्नुहुन्छ । डोभालले नेपाल मामिला पनि हेर्नुहुन्छ । नेपालसँग रहेका कतिपय असमझदारीलाई सल्टाउने काम डोभालले गर्नु भएको छ । भारतसँग कुनै कुटनीति मामिलामा छलफल गर्नुपर्दा प्रधानमन्त्री होस् वा कुनै मन्त्री वा कुनै उच्च पदस्था अधिकारी अथवा कुनै शीर्ष नेता नै किन नहोस् पहिलो छलफल डोभालसँग नै गर्नुपरेको हुन्छ ।

किनभने त्यस तहको अध्ययन वा त्यो पदको मान्छे नेपालमा नभएको कारण प्रधानमन्त्रीले समेत डोभालसँग छलफल गर्नुपरेका कारण परराष्ट्रमा लामो अनुभव बनाउनु भएका बैरागीलाई राष्ट्रि सुरक्षा सल्लाहकार बनाएको स्रोतले दावी गरेको छ । अब भारतसँग कुनै वार्ता वा संवाद गर्नुपर्दा बैरागीले सिधै डोभालसँग गर्नुहुनेछ । सुरक्षा क्षेत्रमा अनुभवै नभएका व्यक्ति कसरी बन्नुभयो सुरक्षा सल्लाहकार भनि जिज्ञासामा बैरागीले सुरक्षा सल्लाहकारको उदाहारण दिँदै अहिले त्यहाँ सुरक्षा सम्बद्ध व्यक्ति छन् त्यहाँ पनि पहिलो सुरक्षा सल्लाहकार पूर्व परराष्ट्र सचिव शिवशंकर मेनन रहेको प्रतिकृया दिनुभयो ।

त्यसअघि सुरक्षाकै व्यक्ति भए पनि पहिलो र दोस्रो सल्लाहकार परराष्ट्र मन्त्रालयका पूर्वसचिव रहेको बताउँदै उहाँले रक्षा कूटनीति पनि समग्र कूटनीतिकै एक पाटो रहेको हुनाले सरकारले मलाई त्यहाँ राखेको बताउनुभयो ।

## लोसपा बनाउन बल्ल गृहकार्य

पार्टी गठन भएको दुई वर्षपछि लोकतान्त्रिक समाजवादी पार्टी नेपालले आफ्नो सांगठनिक संरचना बनाउने गृहकार्यमा लागेको छ । कार्यकारिणी समितिबाट सञ्चालन भइरहेको लोसपाको केन्द्रीय समितिलगायत अन्य संगठन तथा भातृसंगठनको बारेमा पार्टीका अध्यक्ष महन्थ ठाकुरले शीर्ष नेताहरुसँग सुझाव लिइरहनु भएको छ ।

पार्टीको अन्तरिम विधान अनुसार कुनै संरचना बनेको छैन । पार्टी दर्ता गराउने बेला कार्यकारिणी समितिको नाम दिएको थियो । त्यही समितिको आधारमा काम भइरहेको छ । लोसपाका कार्यकारिणी सदस्य लक्ष्मण लाल कर्णले पार्टीको सांगठनिक संरचना बनाउन निकै ढिलो भइसक्यो, त्यसले राजनीतिक जीवनमा निकै घाटा पुर्‍याएको छ अब पनि ढिलो गर्‍यो भने अगामी दिनमा यो भन्दा बढ्ता हालत खराब हुने बताउनुभयो ।

यसरीअघि नै केन्द्रिय समितिको नामावली तयार भइसकेका छन् त्यसैलाई केही तलमाथि गरी अन्तरिम रुप दिइ यहिं महिनाभित्र सबै संरचना निर्माण गरी सार्वजनिक गरिने तयारमा अध्यक्ष ठाकुर रहनु भएको छ । लोसपाको विधान अनुसार ४०१ सदस्यीय केन्द्रीय समिति रहेको छ । त्यति नै राख्ने कि कम गर्ने राय सुझाव पनि आएको कार्यकारिणी सदस्य केशव झाले बताउनुभयो ।

जसपाबाट अलग भएपछि बनेको अन्तरिम विधानमा ४०१ सदस्यी केन्द्रीय कार्यसमिति बनाउने उल्लेख छ तर अब त्यति नै बनाउने कि त्यो भन्दा कम गर्ने त्यस विषयमा छलफल भइरहेको बताउँदै उहाँले कसैले २५१, कसैले ३०१, ३५० सदस्यी केन्द्रिय कमिटि हुनुपर्ने सुझाव आएको छ, त्यसको बारेम थप छलफल गर्ने बताउनुभयो । लोसपाका नेता सुरेन्द्र झाले पार्टीको सर्व शक्तिमान निकाय कार्यकारिणी समिति नै हो, सो समितिलाई संविधान संशोधन गर्ने अधिकार पनि रहेको छ, आवश्यक परे संशोधन गर्न सकिने बताउनुभयो ।



# रंगमञ्चबाट एकैपटक फिल्ममा जम्नेहरु

रङ्गमञ्चमार्फत नेपाली फिल्ममा उदाउने कलाकारको सूचीमा अनुप बराल, सौगात मल्ल, दयाहाङ राई, कार्म, विपन कार्की, खगेन्द्र लामिछाने, मेनुका प्रधान, लक्ष्मी बर्देवा, विजय बराल, रवीन्द्र सिंह बानियाँ, कमलमणि नेपाल, महेश त्रिपाठी, बुद्धी तामाङलगायत पर्नुहुन्छ । उल्लेखित नाम फिल्ममा स्थापित भएका केही प्रतिनिधि मात्र हुन् । लेखिएको भूमिकालाई न्याय गर्ने कलाकारको खोजी हुँदा प्रायः लेखक र निर्देशक पनि रङ्गमञ्चसम्म धाउने गर्दछन् ।

अहिले सानो भूमिकादेखि शीर्ष भूमिकासम्ममा पनि उनीहरूको उपस्थिति छ । यद्यपि चलचित्रमा स्थापित भएका रङ्कर्मी रङ्गमञ्चमा भने कमै फर्किने गरेका छन् । चलचित्रको व्यस्तताले उनीहरूलाई रङ्गमञ्चमा फर्किन सहज भएको छैन । कतिपय अवस्थामा कलामाथि व्यापार पनि हाबी भएको छ । “नाटकलाई समय दिनुपर्छ । अभ्यास र मञ्चन गर्न झन्डै दुईदेखि तीन महिनासम्म समय लाग्ने भएकाले पनि धेरैलाई समय मिलाउन सहज नभएको हुन्सक्छ”, अभिनेता महेश त्रिपाठीले भन्नुभयो, “म भने समय मिलाएर नाटकमा अभिनय गरिरहेको हुन्छु । किनकी त्यहाँ आफूलाई महसुस गर्न पाउँछु ।”

व्यावसायिक पाटोभन्दा कला महत्वपूर्ण हुने भएकाले स्थापित र विस्थापितको लहर चलिरहेको रङ्कर्मीहरूको भनाइ थियो । रङ्कर्मी भोलाराज सापकोटाले नाटकलाई कलाले मात्र जीवित राखेको बताउनुभयो । “रङ्कर्मीलाई यसैबाट जीविकोपार्जन गर्न सहज छैन । अहिले फिल्ममा महँगो अभिनेतामा पर्ने केहीले यहीँबाट सुरूआत नगरेका भने होइनन् तर यो अभिनय बुझ्ने र सिक्ने मञ्चमात्र बनिरहेको छ”,उहाँले भन्नुभयो ।

आर्थिक पक्षलाई सवल बनाउन भए पनि फिल्ममा काम गर्ने क्रम बढेको छ । रङ्कर्मी प्रकाश घिमिरेले समय अभावकै कारण नाटकघरसम्म आउन विलम्ब भएको बताउनुभयो । उहाँले भन्नुभयो, “चलचित्रमा व्यस्त कलाकारले समय मिलाउन सकेका छैनन् । उनीहरूले वर्षमा एकैपटक नाटक घरलाई दिए राम्रो हुन्थ्यो । यद्यपि नाटक गर्ने तयारी र सोच भने छ । यस वर्ष केही परिचित अनुहारमा नाटक पाइन्छ ।” उहाँले पनि हालै सम्पन्न एक नाटकमा चलचित्रकै कारण अभिनय गर्न पाउनु भएन ।


आर्थिकरूपले समृद्ध भए वर्षमा एक/दुई पटक नाटकमा प्रस्तुत हुनसके टेवा पुग्ने विश्वास उहाँको थियो । नाटकमा आफ्नो कला देखाएर फिल्मसम्मको यात्रा तय गरेका रङ्कर्मीलाई रङ्गमञ्चमै भने अहिले विरलै देख्न पाइन्छ । *रासस*

# आलिया भिलेन !

अभिनेत्री आलिया भट्टको अभिनय रहेको हलिउड फिल्म ‘हार्ट अफ स्टोन’ को ट्रेलर रिलिज भएको छ । फिल्ममा उनी भिलेन चरित्रमा देखिदैँ छिन् । फिल्ममा गेल गेडोट र जोनी डर्ननले प्रमुख भूमिकामा अभिनय गरिहेका छन् । फिल्ममा गेल सिक्रेन्ट एजेन्ट चरित्रमा छिन् । जो आफ्नो मिसनलाई सफल बनाउन कैयौं समस्यासँग जुध्छिन् । आलियाले आफ्नो इन्स्टाग्राम एकाउण्टमा ट्रेलरका शेयर गरेकी छन् । ट्रेलरका केही दृश्यमा आलियालाई देख्न सकिन्छ ।

आलियाले गर्भवती अवस्थामा यो फिल्मको सुटिङ गरेकी थिइन् । फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा सहभागी हुन उनी ब्राजिल पुगेकी थिइन् ।

# रश्मिका ‘पुष्पा-२’ मा व्यस्त



अभिनेत्री रश्मिका मन्दानाले फिल्म ‘पुष्पा २’ छायांकन सुरु गरेकी छन् । सामाजिक संजालमार्फत उनले फिल्म सुरु गरेको जानकारी दिएकी हुन् । ‘पुष्पा २’ हिट फिल्म ‘पुष्पा : द राइज’ को सिक्वेलको रुपमा निर्माण हुन लागेको हो । फिल्ममा रश्मिकाको पहिलो पार्ट झै श्रीवल्लीको भूमिका छ ।

‘पुष्पा : द राइज’मा अल्लु अर्जुन मुख्य भूमिकामा थिए । फिल्ममा अल्लु अर्जुनको अपोजित भुमिकामा उनी थिइन् । दर्शकले दुबैलाई जोडी रुचाएका थिए । अब पनि रुचाउने अपेक्षा निर्माण युनिटको छ । रश्मिका पछिल्लो समय निकै व्यस्त छिन् । केही दिनअघि मात्रै उनले रणवीर कपुरसँग ‘एनिमल’ को सुटिङ सकाएकी थिइन् । ‘पुष्पा २’का निर्देशक सुकुमार हुन् ।

## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा ‘नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने’ भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुन कार्यक्रम लागु भएको छ । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका**

**सिरहा, औरही वडा नम्बर ५ को कार्यालय**






प्रोफाइल



# पञ्चायतको माहोलमा हुर्केका गोविन्द यसरी भए बिद्रोही

नेपाली राजनीतिको अलिकति पनि ज्ञान राख्ने जो कोहीले पनि गोविन्द चौधरीलाई आवश्य चिन्दछन् होला । रौतहट सीमरा भवानीपुर गुजरा नगरपालिका वडा नम्बर ५ का ६५ वर्षीय गोविन्द चौधरी ४०-४५ वर्ष पहिले जुन जोसका साथ राजनीति गर्नुहुन्थ्यो त्यो जोसमा हालसम्म कुनै कमी आएको छैन । अहिले पनि उहाँ एउटा युवा राजनीतिककर्मीकै जस्तै राजनीतिमा सक्रिय हुनुहुन्छ । जनता समाजवादी पार्टी नेपालका कार्यकारिणी सदस्य गोविन्द चौधरी पारिवारिक पृष्ठभूमी पञ्चायती भए पनि उहाँले त्यहाँबाट बिद्रोह गरी संवैधानिक राजतन्त्रदेखि बहुदलीय व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आफ्नो राजनीतिक यात्रालाई कहिले बिश्राम दिनुभएको छैन ।

बुवा रामसुरत चौधरी र आमा प्रेमादेवी चौधरीका एक मात्र छोरा गोविन्द चौधरीका प्रेमा, उमा, जगदम्बा, भवानी, माया र सुनिला गरी छजना दिदी बहिनी छन् । २०३१ साल जतिबेला उहाँ एसएलसी दिने तयारीमा हुनुहुन्थ्यो, त्यतिबेला नै रंगपुरका वैजनतीदेवी चौधरीसँग गोविन्द चौधरीले बिहे गर्नुभएको थियो । उहाँको आमाले गाविन्दलाई जवर्जस्ती बिहे गराउनु भयो । एक मात्र छोरा चाँडै बिहे गरेर बुहारी नाती नातिनाको मुख हेर्न पाउन पनि लालसामा गोविन्दको बिहे चाँडै गराउनु भएको थियो । बिहे भएको एक वर्षपछि गोविन्दको आमाको निधन भएको थियो । गोविन्दका दुई छोरी पुष्पा र पुजा छन् । दुवै जनाको बिहे भइसकेको छ ।

**शिक्षा**

कहिले गौर त कहिले भवानीपुर गरी चार कक्षासम्म पढ्नु भएका गोविन्द चौधरी पाँच कक्षादेखि पढ्नका लागि वीरगञ्ज पुग्नु भएको थियो । गोविन्द चौधरीका ठूलो बुवा केवल चौधरीले थारु विद्यार्थीका लागि वीरगञ्जमा होस्टल बनाउनु भएको थियो । त्यही होस्टलमा राखेर उहाँलाई त्रिभुवन हनुमान हाइस्कुलमा भर्ना गरिएको थियो । त्यो स्कुलमा उहाँले सातसम्म पढ्नुभयो । आठ कक्षामा त्यही स्कूल त्रियुद्ध मावि विर्तामा नाम लेखाउनुभयो । आठ कक्षा पास गरेपछि उहाँ फेरि रौतहट नै फर्किनुभयो ।

नौ कक्षादेखि सुवलाल मावि सन्तपुरमा पढ्न थाल्नुभयो । २०३१ सालमा एसएलसी पास गर्नुभएका गोविन्द चौधरी उच्च शिक्षाका लागि भारतको वनारस जानुभयो । युपी बोर्डबाट डीएभी कलेजमा आइए पढ्न थाल्नुभयो । आइ.ए. पास गरेपछि उहाँले त्यहीको बीएयु कलेजमा बी.ए.मा नाम लेखाउन पढाई सुरु गर्नुभएको थियो । फस्ट इयरको पढाई चलिरहेको बेला एक दिन बुवाको निधन भएको खबर उहाँले पाउनुभयो ।

बुवाको काजक्रियाका लागि उहाँ बनारसबाट घर फर्किनुभयो । बुवाको काजक्रिया सकाएपछि जनमत संग्रहको आन्दोलनमा लाग्नु भएको थियो । बुवाको निधनको खबर सुनेर गाउँ आएको काजक्रिया सकाएर तुरुन्तै के गइहालौ भनेर केही दिन गाउँमै बस्नुभयो । साथीहरुको साथमा उहाँ आन्दोलनमा लाग्नुभयो । उहाँ बहुदलको पक्षमा लाग्नुभयो । जनमत संग्रह भयो । पञ्चायत नै जित्यो ।

**राजनीति**

बनारसबाट बुवाको काजक्रियाका लाीग फर्किनु भएका गोविन्द चौधरी राजनीतिकै कारण पढ्नका लागि हालसम्म बनारस फर्किनु भएको छैन । होस्टलका समानहरु पनि ल्याइएन । गोविन्द चौधरीसँग त्यतिबेला वनारसमा साइकल पनि थियो । त्योसहित अन्य समानहरु थिए । सबै उतै रह्यो ।

गोविन्द चौधरीका परिवार खुन्खार राजतन्त्र (पञ्चायती) पक्षधर थियो । उहाँका बुवा रामसुरत चौधरी तीन दाजु भाइ हुनुहुन्थ्यो । गोविन्द चौधरीका ठूलो बुवा केवल चौधरी राजपरिवारसँग सिधै सम्बन्ध राख्ने व्यक्ति हुनुहुन्थ्यो । र, राज्यसाभको आजिवन सदस्य पनि हुनुहुन्थ्यो । अर्का माइलो बुवा करिऔत चौधरी गाउँपंचायतका मुखिया (गाउँपालिका अध्यक्ष) हुनुहन्थ्यो । उहाँ गाउँमा चुनाव हारेको कुनै इतिहास छैन । उहाँ चुनाव लड्न सुरु गरेदेखि पञ्चायती व्यवस्था रहेसम्म गाउँको मुखिया हुनुहुन्थ्यो । गोविन्दका आफ्नो बुवा खेती किसानी गर्नुहुन्थ्यो ।

**मुखियाका लागि प्रस्ताव**

जनमत संग्रह सम्पन्न भएपछि २०३७ मा गाउँपंचायतको चुनाव हुने भयो । गाविन्द चौधरीलाई मुखिया अर्थात प्रधानपञ्चमा चुनाव लड्न भनिएको थियो । भनिएको मात्र होइन, चुनाव लड्न दबाव नै परेको थियो तर गोविन्द चौधरीले आफू राजनीति नगर्ने पुनः पढाईका लागि पुनः भारत फर्किने भनिरहनु भयो । राजनीतिसँग आफूलाई कुनै मतलब छैन, आफ्नो उद्देश्य भनेको पढाई लेखाई गरी केही गर्ने सोच रहेको कुरा सुनाउनु भएको थियो ।

तर कोही मानिरहेको थिएनन् । गोविन्द चौधरीलाई निर्विरोध नै गाउँको प्रधानपञ्चमा चयन गर्ने तयारी गाउँलेको थियो । त्यतिबेला केवल चौधरी राज्यसभाको सदस्य हुनुको साथै जनकपुर अञ्चलको चुनाव आयुक्त पनि हुनुहुन्थ्यो । प्रधानपञ्चमा चुनाव लड्न गोविन्द चौधरीलाई केबल चौधरीको पनि दबाव थियो तर जसले जति दबाव दिए पनि उहाँ मुखियामा उठ्नु भएन ।

चुनाव लड्छ भनेर केबल चौधरी जवर्जस्ती गाउँपञ्चायतको सदस्यता गोविन्द चौधरीलाई थमाई दिनुभयो । तैपनि उहाँ चुनाव लड्नु भएन । जिल्ला पञ्चायतमा उपसभापतिमा लड्न पनि उहाँलाई निकै जोडबल गरिएको थियो । २०३९ मा जिल्ला पञ्चायतको चुनाव हुने भयो । त्यतिबेला दानबहादुर शाही सिडियो हुनुहुन्थ्यो । केबल चौधरी र दानबहादुर शाहीले गोविन्द चौधरीलाई जिल्ला पंचायतको सदस्य जवर्जस्ती बनाउनु भएको थियो । उपसभापतिमा चुनाव लड्न पनि भनिरहनु भएको थियो तर उहाँ तयार हुनुभएन । उहाँ एउटै कुरा भन्नुहुन्थ्यो, मलाई पढ्नु छ, यो राजनीतिसँग कुनै मतलब छैन ।' तीन वर्षदेखि यही कुरा भनिरहनु भएको थियो तर पढ्नका लागि कहिले जानुभएन ।

गोविन्द चौधरी भन्नुहुन्छ, 'मलाई राजनीतिमा रस बसि सकेको थियो, भारत पढ्न जानका लागि मन नै थिएन तर यता पञ्चायती व्यवस्थाको राजनीति गर्न पनि मन थिएन तर ठूलो बुवालगायतका व्यक्तिहरुले जवर्जस्ती त्यसमा तानिरहेको कारण मैले पढाइको बहाना बनाउथे ।'

घरको राजनीतिक माहोल पञ्चायती राजतन्त्र शाही व्यवस्थाको भएपनि गोविन्द चौधरी भित्रभित्रै बहुदल पक्षमा लागि सक्नुभएको थियो । जनमत संग्रहमा बहुदलको पक्षमा लागेको कारण घरका मान्छेहरु उहाँबाट डराएका थिए, त्यही भएर जवर्जस्ती उहाँलाई पञ्च बनाई रहेका थिए । गाउँपञ्चायत र जिल्ला पञ्चायतको सदस्यता जवर्जस्ती थमाई दिएका थिए । तर गोविन्द चौधरीको च्वाईस अर्कै भइसकेको कारण बहाना बनाउँदै टार्दै गइरहनु भएको थियो । तर बुवाहरुको सामु खुलेर बोल्न सकिरहनु भएको थिएन ।

**राष्ट्रिय पञ्चायतको चुनाव**

गोविन्द चौधरीले पञ्चायतबाट आफूलाई धेरै दिनसम्म बचाउन सक्नुभएन । २०४२ सालमा राष्ट्रिय पञ्चायतको चुनाव हुनेभयो । द्रोण सम्शेरले त्यतिबेलाको विमर्श साप्ताहिकमा एउटा इन्टरभ्यु दिनुभएको थियो कि 'पशुपती क्षेत्र धेरै फोहर भयो' । भन्नलाई साँच्चै पशुपति क्षेत्रको बारेमा भन्नुभएको थियो तर दरवारलाई लाग्यो कि द्रोणले दरवारलाई फोहर भयो भनेका हुन् ।

दरबारलाई यो कुराले चित्त दुख्यो । अब यसलाई चुनावमा हराउनुपर्छ भनि दरबार नै लागेको थियो । त्यसबेला द्रोणलाई कसले हराउन सक्छ भनि रौतहटमा खोजी भयो । त्यतिबेला सबैको मुखबाट द्रोणलाई कसैले हराउन सक्छ भने त्यो हुन् गोविन्द चौधरी भनि आएको थियो । त्यसपछि दरबारबाट पनि गोविन्द चौधरीलाई खोजी हुन थाल्यो ।

तर गोविन्द चौधरीलाई राष्ट्रिय पञ्चायतको चुनाव लड्न अलिकति पनि मन थिएन । त्यतिबेला पनि उहाँले पढाईकै बहाना बनाउन थाल्नुभयो । यो चुनाव सुनावको झमेलामा म फँस्न चाहन्न, अब पढ्नका लागि फर्किन्छु भन्नुभएको थियो । त्यतिबेला गोविन्द चौधरी काठमाडौँमै हुनुहुन्थ्यो ।

दरबारले खोजविन गर्न थालेपछि काठमाडौँ छाडेर रातारात रौतहट फर्किनुभएको थियो । उहाँ घर फर्किनुअघि नै ठूलो बुवा केवल चौधरीसहित अन्य नेताहरु उहाँको घरमा गोविन्दको प्रतिक्षामा बसिरहनु भएको थियो । सबैजनाले उहाँलाई चुनाव लड्न आग्रह गरेका थिए तर गोविन्द चौधरी मानिरहनु भएको थिएन ।

त्यसपछि केबल चौधरीले यतिका मान्छे तेरो घरमा किन आएका छन्, अरुको घरमा पनि जानसक्थे नि, तलाई यहाँ जनताले मन पराएका छन्, माया गरिरहेका छन् भने किन पछाडी हट्नुपर्‍यो अगाडि बढ्नु पर्‍यो, जनताको भावनालाई कदर गर्नुपर्‍यो भनि भन्नुभएको थियो । गोविन्द चौधरी तैपनि मानिरहनु भएको थिएन ।

त्यसपछि केबल चौधरीले नेमोनेशनको फि दिएर सन्तलाल चौधरी र जुगल चौधरीलाई गोविन्द चौधरीको उम्मेदवारी दर्ता गराउनका लागि पठाउनु भएको थियो । उम्मेदवारी नै दर्ता गराई सकेपछि बाध्य भएर गोविन्द चौधरी चुनाव प्रचारका लागि निस्किनु भएका थियो । त्यतिबेला चुनावमा द्रोण शम्सेर, हरिहर यादव, गोविन्द चौधरी, पुनित पटेल र गुञ्जेश्वरी प्रसाद सिंह चुनावको मैदानमा थिएन ।

चुनाव सम्पन्न भयो तर गोविन्द चौधरी जित्नु भएन । द्रोण शम्शेरले नै चुनाव जित्नुभयो । द्रोण शम्शेरको २४ हजार मत आएको थियो भने गोविन्द चौधरीको साढे १६ हजार आएको थियो । गोविन्द चौधरी हारेपनि कुनै चिन्ता थिएन किनभने उहाँ मनैदेखि चुनावमा भाग लिनुभएको थिएन । गोविन्द चौधरी भित्रैदेखि पञ्चायत बिरोधी हुनुहुन्थ्यो । तर बुवाहरुको करकापका कारण पञ्चायतको पछि पछि हिड्न बाध्य बनाइएको थियो । ४२ सालको चुनावपछि पञ्चायत बिरोधी गतिविधि तीब्र हुन थालेको थियो ।

**बहुदल पक्षमा गोविन्द**

पञ्चायती व्यवस्था ढाल्नका लागि काँग्रेसलगायत अन्य कम्युनिष्ट दलहरु एकजुट हुन थालेका थिए । पञ्चायती व्यवस्था ढाल्नुपर्छ भनि गोविन्द चौधरी पनि भित्रभित्रै लागि सक्नुभएको थियो । यो कुरा काँग्रेसका धेरै नेतालाई थाह थियो । स्थानीय नेताहरु गोविन्द चौधरीको सम्पर्कमा थिए । बद्री थापा, राजदेव चौधरीलगायतका नेताहरुको सम्पर्कमा रहेर पञ्चायत विरोधी गतिविधिमा लागेको गोविन्दको बारेमा उहाँका बुवाहरुले पनि थाह पाइसक्नुभएको थियो ।

त्यसपछि उहाँमाथि निगरानी राख्न थाल्यो । उहाँको पछि मान्छे नै लगाई दिएको थियो । कहाँ जान्छन् के गर्छन् सबै कुराको रेकर्ड राख्न थालेको थियो । तैपनि आफूलाई जोगाई जोगाई राजनीति माहोल बनाउनमा सक्रिय हुनुभएको थियो । २०४६ सालमा घनघोर आन्दोलन भयो । बहुदल व्यवस्था ल्याउनका लागि भएको आन्दोलनमा गोविन्द चौधरी प्रत्यक्ष नलागे पनि भित्रभित्रै आन्दोलनलाई हरेक प्रकारको सहयोग गरिरहनु भएको थियो । जिल्लाका साना ठूला सबै नेताको सम्पर्कमा उहाँ हुनुहुन्थ्यो ।

२०४६ को आन्दोलन सफल भयो । देशमा बहुदल व्यवस्था लागु भयो । २०४६ पछि अधिकाँश पञ्चहरु राप्रपा भएका थिए । नरेन्द्र चौधरीहरुले गोविन्द चौधरीलाई पनि राप्रपामै जानका लागि दबाव दिइरहनु भएको थियो । तर उहाँ राप्रपा बन्न तयार हुनुभएन । त्यतिबेला काँग्रेसका जिल्ला सभापति राजेन्द्र ओझा हुनुहुन्थ्यो । चुनावको टिकट उहाँले पाउनु पर्ने थियो तर उहाँलाई नदिएर हरिहर यादवलाई दियो ।

गोविन्द चौधरी र राजेन्द्र ओझामध्ये कसैले टिकट नपाएपछि सबैले गोविन्द चौधरीलाई स्वतन्त्रमा उम्मेदारी दिन लगाए । रौतहट क्षेत्र नम्बर ३ बाट उहाँले स्वतन्त्रबाट चुनाव जित्नुभयो । राजनीतिक उथल पुथलका कारण तीन वर्षमै पुनः मध्यावधि चुनाव भयो । गोविन्द चौधरीले फेरि पनि काँग्रेसबाट टिकट पाउनु भएन । काँग्रेसमा गिरिजाप्रसाद कोइरालाको प्रिय पात्रमध्ये गोविन्द चौधरी पनि एक हुनुहुन्थ्यो । रौतहटका केही नेताहरुले लिएर उहाँ काठमाडौं आएर सिधै गिरीजाप्रसाद कोइरालालाई भेट्न बालुवाटार पुग्नुभयो । गिरीजाप्रसाद कोइरालको बेड रुमा गएर उहाँको प्रतिक्षामा बस्नुभयो । गिरिजाप्रसाद भेटघाट सकाएर आएपछि गोविन्द चौधरीलाई सिधै भन्नुभयो 'यसपटक तिमी चुनाव नलड्नु म तिम्रोलागि पार्टीमा विशेष व्यवस्था गर्छु ।' त्यतिबेलाको परस्थितिको बारेमा पनि गिरीजाप्रसाद कोइरालाले गोविन्द चौधरीलाई जानकारी गराउनुभएको थियो । हरिहर यादव कृष्णप्रसाद भट्टराई पक्षधर नेता हुनुहुन्थ्यो । भट्टराईले हरिहरका लागि टिकटको दावी गर्नुभएको थियो । हरिहरलाई टिकट नदिएको भए पार्टीमा विवाद हुने सम्भावना देखेर गिरिजाप्रसाद कोइराला एक स्टेप पछाडि हट्नु भएको थियो ।

**किसान संघको सदस्य**

चुनावपछि गोविन्द चौधरीलाई किसान संघको केन्द्रीय सदस्य बनाइयो । पछि महाधिवेशन भयो । महाधिवशन पछि गोविन्द चौधरी किसान संघबाट अलग हुनुभयो । र, २०५३ सालमा काँग्रेसको केन्द्रीय संगठन विभागको सदस्य बन्नुभयो । डा.रामवरण यादवको नेतृत्वमा एउटा अनुगमन समिति थियो । त्यो समितिको सदस्यमा गोविन्द चौधरीलाई राख्यो र उहाँलाई कोशी अञ्चलको जिम्मेवारी दिएर उता पठायो । पछि रामवरण यादव हटेपछि त्यसको इन्चार्ज लिला कोइराला हुनुभयो । तीन वर्षपछि लिला कोइराला हटेपछि गोविन्द चौधरी आफै त्यसको इन्चार्ज हुनुभयो ।

पार्टीमा सक्रिय पूर्वक काम गर्दै रहनु भयो । २०५६ मा चुनाव हुँदा फेरि पार्टीले उहाँलाई टिकट दिएन । हरिहर यादवले नै टिकट पाउनुभयो । गोविन्द चौधरी फेरि स्वतन्त्र चुनाव लड्नुभयो । त्यतिबेला हरिहर यादव र गोविन्द चौधरी दुवैजना चुनाव हार्नुभयो र एमालेका वंशीधर मिश्र जित्नुभयो । पार्टीबाट बिद्रोह गरेर स्वतन्त्र भएको कारण उहाँ कारवाहीमा पर्नुभएको थियो । कारवाही गरेको कारण उहाँ फेरि काँग्रेसमा फर्केर जानुभएन । स्वतन्त्रकै स्वतन्त्र रहनुभयो । रौतहट क्षेत्र नम्बर ४ मा उपचुनाव भयो । त्यहाँ प्रकाश कोइरालालाई टिकट दिएर काँग्रेसले उम्मेदवार बनाएको थियो ।

त्यसपछि पुनः गोविन्द चौधरीको खोजी पार्टीमा हुन थाल्यो । सुशिल कोइराला, विजयकुमार गच्छदार, खुमबहादुर खड्काहरु गोविन्द चौधरीलाई भेट्न उहाँकै घरसम्म पुग्नुभएको थियो । गोविन्द चौधरीलाई भनिएको थियो, 'तपाई पार्टीमा फर्किनुस्, कारवाही सर्वाही सबै फिर्ता हुन्छ, तपाई प्रकाश कोइरालालाई सहयोग गरेर जिताउनुस् ।'

गोविन्द चौधरीले पनि आफूले यसको बदलामा केही पाउनुपर्छ । राष्ट्रिय सभाका लागि कुरा भयो । रौतहटमा चुनावी सभा भएको थियो । गिरीजाप्रसाद कोइरालाले गोविन्द चौधरी र उद्धव ढकालमाथि राष्ट्रिय सभामा न्याय हुने घोषणा गर्नुभएको थियो । तर राष्ट्रिय सभाको चुनाव आएपछि टिकट अशोक कोइरालाले पाउनुभयो ।

गोविन्द चौधरीले उद्धवलाई लिएर सिधै बालुवाटार जानुभयो । सिधै गिरीजाप्रसाद कोइरालालाई भेटेर गुनासो गर्नुभयो । गोविन्द चौधरीले भन्नुभयो, 'मैले गिरिजाबाबुलाई भने तपाईले जे गर्नुभयो त्यो ठिक गर्नुभएन । अब हामी पनि आफ्नो तरिकाले अगाडि बढ्छौं भनेर त्यहाँबाट निस्के ।' त्यो बेला ज्ञानेन्द्रले आफ्नो चलखेल सुरु गरिसक्नु भएको थियो । पछि राजनीतिक 'कु' गरेर शासन सत्ता आफ्नो हातमा लिनुभयो । काँग्रेस पार्टीबाट असन्तुष्ट भएको कारण गोविन्द चौधरी पार्टीभन्दा अलग थलग रहन थाल्नुभएको थियो । त्यही बेला मृगेन्द्रकुमार सिंह यादवले गाविन्द चौधरीसँग सम्पर्क गर्नुभयो ।

**शाही मन्त्री**

हाल जसपाका कार्यकारिणी सदस्य रहनु भएका मृगेन्द्रकुमार सिंह यादव त्यतिबेला ज्ञानेन्द्र शाहको कदमको पक्षमा हुनुहुन्थ्यो । गोविन्दलाई पनि उहाँले तानेर त्यतै लाग्नुभयो । मृगेन्द्र कुमार सिंह यादवका बुवा र केबल चौधरीको राम्रो दोस्ती थियो । दुवै जना शाही परिवारसँग जोडिनु भएको थियो ।

त्यो सम्बन्धले गर्दा मृगेन्द्र र गोविन्द बीच पनि

बाँकी पृष्ठ १२ मा

# रोपाइँ महोत्सवको महत्व

'जलवायु अनुकुलित कृषकमैत्री प्रविधि, धान उत्पादन वृद्धि' मुल नाराका साथ असार १५ गते देशैभर २० औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव रुपमा मनाएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका विभिन्न निकाय तथा विभागले विचार गोष्ठी तथा रोपाइँ गरेर धुमधामका साथ महोत्सव मनाएको कृषि विभागका महानिर्देशक एवं धान दिवस तथा रोपाइँ महोत्सव मूल आयोजक समितिका अध्यक्ष डा.हरिबहादुर के.सी.ले बताउनुभयो । 'मानो रोपेर मुरी फलाउने' दिनका रूपमा पनि यो धान दिवस तथा रोपाइँ महोत्सवलाई सम्झिने गरेको छ । तराई मधेशमा यो दिनलाई गभा सङ्क्रान्तिको रुपमा मनाउने गरेको छ । खेतमा रोपाई गरी दही चिउरा खाने भएकाले यस दिनलाई दही चिउरा खाने दिनका रूपमा पनि मनाउने गरेको बताइन्छ ।

असार १५ नेपाली समाजमा खेतमा रोपाईं गरी दही चिउरा खाएर मनाउने परम्परा छ । रोपाईं गरी दही चिउरा खानाले गति परिने विश्वास अनुरूप आफ्नो खेतीपाती नहुनेहरू पनि अरूको खेतमा रोपाईं गरी हिलो छ्यापेर रमाइलो गरी दही चिउरा खाने गरिन्छ । रोपाईं गीतको रन्कोमा रोपाईं गर्नु असारको अर्को आकर्षण हो । असारको पहिलो सातादेखि मनसुन सुरू भएपछि असार १५ सम्म खेत गन्हामा लाठे र रोपारहरू असारे गीतको भाकासँगै रोपाईंमा व्यस्त हुन्छन् ।

लासलाई एकछिन घुमले छोपेर भएपनि असारे भेल छोप्नु पर्दछ भन्ने बुढापाकाको भनाइले पनि यसको महत्व दर्शाउँछ । त्यस्तै 'असारमा डुल्ने पजनीमा भुल्ने' अर्थात् असारमा काम गर्ने बेलामा त्यसै डुल्ने र सरकारको काम इमान्दारीपूर्वक नगरी पदोन्नति अर्थात् पजनीमा नपर्ने व्यक्तिले गरिखाँदैन भन्ने बुढापाकाको अर्को उखानले पनि असारको महत्वलाई पुष्टी गर्छ । रोपाईं कार्य मुलुकको सामाजिक, धार्मिक र सांस्कृतिक पक्षसँग पनि निकटरूपमा जोडिएको छ । रोपाईंको पहिलो दिन देवतालाई बीउ चढाई परिपूर्ण, भरिपूर्णका लागि अन्नपूर्णको आराधना गरी रोपाईंको श्रीगणेश गरिन्छ । रोपाईंमा धेरै खेतालाको आवश्यक पर्ने भएकाले गाउँघरमा पालैपालो पर्मद्वारा रोपाईं गरिने भएकाले यसले सामाजिक एकता र सद्भाव बढाउन पनि ठूलो टेवा पुऱ्याउँदै आएको छ । कतैकतै ठूला खेती भएकाले रोपाईं गर्दा बेठी लगाउने अर्थात् पञ्चेबाजा बजाई नाचगान गर्ने, भोज खुवाउने तथा खेतालाहरूलाई मसला र रूमाल बाँड्ने पनि प्रचलन छ ।

धान रोपाइँ महोत्सवको अवसरमा रोपाइँ गर्ने दिन हिलो छ्यापेर पनि मनाउने गरिन्छ । पोखरा, चितवनलगायतको ठाउँमा विशेष महोत्वसको रुपमा यो दिनलाई मनाउने गरिन्छ । ती ठाउँहरुमा विदेश पर्यटकहरुको पनि सहभागित हुन्छ । रोपाइँ गर्दै गर्दा विदेशी पर्यटकहरु हिलो छ्यापेर महोत्सव मनाउने गरेको पाइन्छ ।

कृषि प्रधान देश नेपालमा खाद्य सुरक्षाको प्रमुख आधारको रूपमा रहेको धानको उत्पादनलाई महत्व दिँदै आएको कारण सरकारले असार १५ राष्ट्रिय धान दिवसका रूपमा मनाउँदै आएको महानिर्देशक केसीले बताउनुभयो । प्रमुख खाद्यान्न बाली धान खाद्य सुरक्षाको प्रमुख आधार रहेको बताउँदै उहाँले यसको आर्थिक, समाजिक, साँस्कृतिक र धार्मिक लगायत महत्व रहेको बताउनुभयो । धान एक बाली मात्र नभइ औसत नेपालीको जीवन पद्धती पनि हो । धानको यिनै विविध महत्वलाई दृष्टिगत गरि यसको उत्पादन वृद्धि एवं आधुनिकीकरण र व्यवसायिकीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले २०६१ सालदेखि नियमित रुपमा प्रत्येक वर्ष असाढ १५ मा राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाउँदै आएको छ ।

चालु आर्थिक वर्षमा धानको उत्पादनमा वृद्धि भएको छ । यस वर्ष ५४ लाख ८६ हजार ४७२ टन धान उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । यो परिमाण २०७८/०७९ को तुलनामा तीन लाख ५५ हजार ८४७ टन बढी उत्पादन भएको हो । अगामी आर्थिक वर्षमा पनि धान उत्पादनमा वृद्धि हुने अनुमान सरकारले गरेको छ ।

आर्थिक सर्वेक्षण अनुसार धानलगायतका वर्षे बालीको उत्पादनमा वृद्धि भए पनि हिउँदे बालीको साथै दूध, अण्डा तथा मासुको उत्पादनमा केही ह्रास भएको हुँदा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि सामान्य वृद्धि अनुमान गरिएको छ । विगत वर्षदेखि कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गइरहेको छ । आर्थिक वर्ष २०७०/०७१ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३०.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान २४.१ प्रतिशत रहने अनुमान गरेको छ ।

आर्थिक सर्वेक्षण अनुसार चालु आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन २.७ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । गत आर्थिक वर्षमा यसको वृद्धि २.२ प्रतिशतले वृद्धि भएको थियो । पछिल्लो १० वर्षमा कृषि क्षेत्रको औसत वृद्धि दर २.९ प्रतिशत रहेको छ । धान, गहुँ, मकैलगायत खाद्यान्न बालीको उत्पादन ३.८५ प्रतिशतले बढ्ने अनुमान गरेको छ ।

दिवा तथा रात्री सेवा
आरामदायी यात्राका लागि सम्झनु होस्

एन्जल A/C हाएस
बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म
सम्पर्क
काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५
सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

# मलमा झेल: एक अर्ब भन्दा बढी रकम गोलमाल गर्ने दाउ

चार वर्षअघि चीनबाट रासायनिक मल ल्याउन सम्झौता गरेका कम्पनीले अहिले मल ल्याएर सरकारलाई जवर्जस्ती बुझाउन खोजेका छन् । त्यतिबेला मल महँगो थियो, यतिबेला सस्तो भएको छ । त्यही पुरानै सम्झौता अनुसार अहिल सरकारलाई जबर्जस्ती मल भिराउन खोजेका छन् । यदि त्यो मल बुझ्यो भने एक अर्ब रुपियाँ भन्दा बढीको घाटा हुने निश्चित छ । सम्झौताअनुसार ती कम्पनीले २५ हजार मेट्रिक टन मल ल्याउनुपर्ने थियो । त्यसमध्ये सुरुमै पाँच सय मेट्रिक ल्याएर बुझाई सकेको छ । बाँकी २४ हजार ५०० मेट्रिक टन मल ल्याउन बाँकी छ । सम्झौता भएको मूल्य र हालको मूल्य अनुसार सरकारले सबै मल बुझ्यो भने सरकारलाई (प्रति मेट्रिक टन ५११ अमेरिकी डलर) एक अर्ब ७३ करोड ९४ लाख २८ हजार रुपियाँ घाटा हुने निश्चित छ ।

कृषि सामग्री कम्पनी लिमिटेडले चीनबाट रासायनिक मल ल्याउन टेन्डर आह्वान गरेको थियो । सो टेण्डर सिल्क मार्केट ग्लोबल म्याटिक्स, सिनोम्याक र विध कम्पनीले २०७७ मा प्राप्त गरेका थिए । टेण्डर प्राप्त गरेको दिनदेखि ४५ दिनभित्र मल ल्याइसक्नु पर्ने हुन्छ तर कृषि सामग्री कम्पनी लिमिटेडले मल ल्याउन पटक पटक ताकेता गरेपनि सम्झौता अनुसार तोकिएको समयमा मल ल्याइ दिएन ।

त्यसपछि कृषि सामग्री कम्पनी लिमिटेडले २०७९ मा सो कम्पनीसँग ठेक्का रद्द गरेको घोषणा गरेको थियो । सम्झौता रद्द गरेपछि ती कम्पनीहरु पुनरावेदन अदालतमा मुद्दा दायर गरेका थिए । अदालतले मल बुझ्नका लागि कृषि सामग्री कम्पनीको नाममा अन्तरिम आदेश गर्‍यो । अदालतले आदेश गरेपछि कृषि सामाग्री कम्पनीले मल बुझ्नका लागि तयार भयो तर त्यतिबेला पनि ती ती कम्पनीहरुले मल ल्याएर दिन सकेन । त्यतिबेला पनि कृषि सामाग्री कम्पनीले मल ल्याई दिन पटक पटक ताकेता गरेको थियो तर मल ल्याइ दिएन । तर अहिले मलको अन्तराष्ट्रिय मूल्य घटेपछि त्यही कम्पनीहरु मल ल्याउन हतार गरिरहेका छन् ।

## फलफूल पकाउन कार्वाइड (एसिटिलिन ग्यास) को प्रयोग नगर्नेसम्वन्धी सूचना !

खाद्य नियमावली २०२७ को दफा १९ (घ) वमोजिम कार्वाइड (एसिटिलिन ग्यास)को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा विक्रि गर्न वा विक्रिको लागी राख्न निषेध गरिएको व्यहोरा फलफूलकोआयात, उत्पादन, भण्डारण तथा विक्रिवितरणमा संलग्न सबै व्यवसायीहरुमाजानकारीका लागीसूचित गरिन्छ ।साथै व्यवसायिक रुपमा फलफूल पकाउने व्यवसायीहरुलेरसायन प्रयोग गरि फलफूल पकाउनु पर्ने भएमा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका फलफुल पकाउन स्वीकृत रसायनहरुको तोकिएको विधि अनुरुप मात्र गर्नुहुन समेतसूचित गरिन्छ ।
आँप लगायतका फलफुल खरिद गर्दा कार्टुन वा क्रेटमा फलफुलको प्रत्यक्ष संपर्कमा रहने गरि केमिकल राखेको पाइएमा खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ । फलफूल उपभोग गर्दा राम्ररीसफा पानीले पखालेर मात्र उपभोग गर्नुहुन समेत आम उपभोक्तामा अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौँ
०१-४२६2430, 01-4262369
Email: info@dftqc.gov.np
www.dftqc.gov.np

## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




औरही गाउँपालिका
सिरहा जिल्ला मधेश प्रदेश
स्वास्थ्य शाखा

## कृषक वर्गमा अनुरोध

कृषि सामग्री कम्पनी लिमिटेडले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवं पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरुबाट बिक्रि वितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं । साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नु हुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
KRISHI SAMAGRI COMPANY LTD.
(An Undertaking of Government of Nepal)

## समाचार/विविध

# पञ्चायतको माहोलमा...

दोस्ती भएको थियो । त्यही दोस्तीका कारण मृगेन्द्रले गोविन्दलाई तानेर ज्ञानेन्द्र शाहतिर लाग्नुभएको थियो । गोविन्द चौधरीलाई त्यहाँ जाने इच्छा थिएन तर मृगेन्द्रको दोस्तीको अगाडि गोविन्दको केही चलेन । गोविन्दलाई शाही शासनमा ल्याएर कृषि राज्यमन्त्री पनि बनाई दिनुभयो मृगेन्द्र यादवले ।

त्यसको केही दिनपछि गोविन्द चौधरीले तत्कालिन राजा ज्ञानेन्द्रलाई पोखरामा भेट्ने मौका पाउनुभयो । त्यहाँ पशुपति भक्त महर्जन पनि हुनुहुन्थ्यो । त्यतिबेला गोविन्दले ज्ञानेन्द्रलाई भन्नुभएको थियो, 'सरकारले प्रजातन्त्रको विकल्प छैन भन्नुहुन्छ त्यसलाई बलियो बनाउन यी साना साना काम नकाजका दललाई साथमा लिएर हुँदैन जो प्रजातन्त्र पक्षधर दलहरु छन् त्यसलाई साथमा लिएर अगाडि बढ्नुभयो भने धेरै नै राम्रो हुन्छ ।' तर ज्ञानेन्द्रलाई गोविन्दको कुरामा चित्त बुझेन । ज्ञानेन्द्रले हरियाली पार्टी जस्ता साना दलहरुलाई साथमा लिएर प्रजातन्त्र बलियो बनाउने कुरा गर्नुहुन्थ्यो जुन कुरा गोविन्दलाई मन परेको थिएन । उहाँले काँग्रेस पनि प्रजातन्त्रलाई मान्ने पार्टी हो, अरु ठूला दल पनि प्रजातन्त्रलाई मान्छन् भने त्यसलाई साथमा लिएर किन नअगाडि बढने धारणा राख्नुभएको थियो ।

**राज्यमन्त्रीबाट राजिनामा**

तर ज्ञानेन्द्रलाई मन नपरेको कारण राम्रो रेसपोन्स गर्नुभएन । अनि उहाँले तत्कालिन मन्त्रीपरिषद् अध्यक्ष तुलसी गिरीसमक्ष आफ्नो पदबाट राजिनामा दिनुभयो । तर गिरीले उहाँको राजिनामा स्विकार गर्नुभएन । पर्सामा राजाको सवारी हुँदैछ, त्यो कार्यक्रमलाई सफल बनाउनुस् अनि राजिनामाको विषयमा कुरा गरौला भनि गिरीले भन्नुभएको थियो । पर्सामा राजाको कार्यक्रमलाई गोविन्दले सफल बनाउनुभयो । त्यहाँबाट काठमाडौँ फर्के लगतै आन्दोलन सुरुभयो । गोविन्द चौधरी साइलेन्ट बस्नुभयो । मन्त्री क्वाटर छाड्नुभयो तर मन्त्रीबाट हट्नुभएन । गोविन्द चौधरी भन्नुहुन्छ, 'मैले भित्रभित्रै आन्दोलनलाई सहयोग गर्न थालेका थिए, नेताहरु मेरो सम्पर्कमा आउनु भयो उहाँहरुलाई हरेक प्रकारको सहयोग गरे तर आन्दोलनमा म प्रत्यक्ष कतै पनि देखिएन किनभने म त्यतिबेला मन्त्री थिए मन्त्रीबाट राजिनामा दिएर आन्दोलनमा गएको भए पनि मलाई पत्याउने थिएन त्यही भएर म साइलेन्टली आन्दोलनलाई सहयोग गरे ।'

संसद पुर्नस्थापना भयो । अन्तरिम संविधान आएपछि मधेश आन्दोलन पनि सुरु भयो । उहाँले मधेश आन्दोलनलाई पनि सहयोग गर्न थाल्नुभयो । जिल्लादेखि काठमाडौँसम्म नेताहरुको सम्पर्कमा रहेर सहयोग गरिरहनु भएको थियो । तर खुलेर आइरहनु भएको थिएन । उहाँ भन्नुहुन्छ, 'मेरो नैतिकताले साथ दिइरहेको थिएन ज्ञानेन्द्रको शासन हुँदा मन्त्री भए, अहिले आन्दोलन हुँदा आन्दोलनकारी हुने मेरो नैतिकताले त्यो गर्न भनिरहेको थिएन त्यही भएर मैले आन्तरिक रुपमा नै सहयोग गरिरहेको थिए ।' मधेश आन्दोलन चलिरहेकै बेला महन्थ ठाकुरको नेतृत्वमा तमलोपा गठन भएको थियो । त्यो पार्टी गठन भएका एक महिनापछि गोविन्द चौधरी त्यो पार्टीमा सामेल हुनुभयो । त्यो पार्टीमा ल्याउने काम जितेन्द्र सोनल र रामकुमार शर्माले गर्नुभएको थियो । तमलोपामा उहाँ उपाध्यक्ष हुनुहुन्थ्यो । २०६५ को पहिलो संविधानसभा चुनावमा उहाँले भाग लिनुभयो । चुनाव जित्नुभयो । त्यसपछि उहाँ संविधान निर्माणको कार्यमा सक्रिय भएर लाग्नुभयो । संविधान सभाको एउटा समितिको सभापति पनि उहाँ हुनुहुन्थ्यो । संविधान निर्माण नहुँदै संविधान सभा विघटन भयो ।

**तमलोपा विभाजन**

केही कुरालाई लिएर गोविन्द र महन्थ ठाकुरको बीचमा कुरा मिलिरहेको थिएन । अवस्था पार्टी विभाजनसम्म पुग्यो । दानबहादुर चौधरीलगायत केही सांसदले पनि गोविन्द चौधरीलाई साथ दिनुभएको थियो । पार्टी विभाजन अन्तिमचरणमा पुगेपछि गोविन्दले महेन्द्रराय यादवलाई पनि सम्पर्क गर्नुभयो । उहाँ पनि महन्थ ठाकुरको व्यवहारबाट सन्तुष्ट हुनुनुहुन्थेन । गोविन्द चौधरीले महेन्द्र रायको नेतृत्वमा तमलोपाबाट अलग हुनुभयो । र तमलोपा लोकतान्त्रिक पार्टी गठन गर्नुभयो । तर महेन्द्र रायको नेतृत्वमा काम गरेको केही दिनमै गोविन्दलाई पश्चाताप भयो बेकारमै पार्टी विभाजन गरे भनि उहाँलाई फिल भयो ।

महेन्द्र रायबाट पार्टी चल्दैन भनि त्यही बेला उहाँले बुझिसक्नु भएको थियो । महेन्द्र रायसँग पनि उहाँ तीन महिना मात्र बस्नुभयो । त्यतिबेला पनि मृगेन्द्रसिह यादवले गोविन्दसँग सम्पर्क गर्नुभयो र त्यहाँबाट तानेर गोविन्दलाई विजयकुमार गच्छदारको पार्टी फोरम लोकतान्त्रिकमा ल्याउनुभयो । मृगेन्द्र यादवले सम्पर्क गरेपछि गच्छदार स्वयंले गोविन्द चौधरीसँग कुराकानी गरेर पार्टीमा ल्याउनु भएको थियो । गोविन्द चौधरी त्यतिबेला निकै बिमार हुनुहुन्थ्यो । बयोधा अस्पतालमा उहाँको उपचार चलिरहेको थियो । तर गच्छदारले उहाँलाई २०७० को दोस्रो संविधान सभा चुनावमा भाग लिन दवाव दिइरहनु भएको थियो । बिमार भएर केही हुँदैन तपाई उम्मेदवारी मात्र दिनुस् बाँकी काम हामी गर्छौं भनि अस्पतालमै गएर गच्छदारले गोविन्दलाई कन्भिन्स गर्नुभएको थियो । गोविन्दले उम्मेदारी दिएर थप उपचारका लागि दिल्ली जानुभयो । एपोलो अस्पतालमा उपचार गराएर १३-१४ दिनपछि उहाँ घर फर्किनुभएको थियो । उपचारकै क्रममा रहेको कारणले चुनावमा गोविन्द त्यति खट्न सक्नु भएन । उहाँले त्यतिबेला चुनाव हार्नुभयो । चुनावपछि गोविन्द चौधरी केही निको हुनुभयो । गच्छदारको कामसँग पनि गोविन्द चौधरीको चित्त बुझिरहेको थिएन । बेकारै तमलोपा छाडे भनि त्यतिबेला पनि पश्चाताप उहाँलाई भइरहेको थियो ।

**रिटर्न ब्याक तमलोपा**

गोविन्दले फेरि सर्वेन्द्रनाथ शुक्ला, जितेन्द्र सोनललगायतका नेताहरुसँग सम्पर्क गर्नुभयो । उहाँले महन्थ ठाकुरलाई पनि भेट्नुभयो । र आफू तमलोपामा फर्किन चाहेको कुरा राख्नुभयो । सबै जनाले स्वागत गरेर गोविन्दलाई तमलोपामा ल्याउनुभयो । तमलोपामा फेरि उहाँ उपाध्यक्ष नै बन्नुभयो । त्यही बेला अन्य मधेशी दलहरुको बीचमा एकीकरण भयो र राजपा बन्यो । राजपा बनाउँदा पनि गोविन्द चौधरीलाई चित्त बुझेको थिएन । पार्टी एकीकरण गर्दा हतार गर्नुहुँदैन भनि भनाई थियो गोविन्द चौधरीको । हतारमा गरिएको एकीकरण टिकाउ हुँदैन भन्नुहुन्थ्यो उहाँले । राजपामा पनि गोविन्दलाई उपाध्यक्ष पद नै दिएको थियो । एक वर्ष नबित्दै राजपामा खटपट सुरु भएको थियो । त्यही बीचमा चुनाव भयो । पार्टीले उहाँलाई प्रदेशमा चुनाव लडायो तर उहाँले त्यो चुनाव जित्नु भएन । पार्टीमा चलिरहेको द्वन्दको असर चुनावमा पनि पर्‍यो ।

पार्टी व्यवस्थित भइरहेको थिएन । बैठकहरु बस्न छाडिएको थियो । छजना अध्यक्ष हुनुहुन्थ्यो कसैको कसैसँग बोलचाल थिएन । जसलाई जे मन लाग्थ्यो त्यही गर्नुहुन्थ्यो । पार्टीका सबै काम ठप्प थियो  राजपामा खटपट चलिरहेकै बेला उपेन्द्र यादव नेतृत्वको तत्कालिन समाजवादी पार्टीसँग एकीकरणको कुरा सुरु भएको थियो । त्यो दिन गोविन्द चौधरी रौतहटमा हुनुहुन्थ्यो ।

**जसपा गठन**

उहाँले महन्थ ठाकुरलाई फोन गरेर एकता गर्न हतार नगर्नुस् । राम्रोसँग गृहकार्य गरेर सबै कुरा मिलाएर मात्र एकीकरण गर्नुस्, हतारमा एकीकरण गरेर राजपा बनाउनु भयो, त्यसको यस्तो हालत छ फेरि समाजवादीसँग एकीकरण गर्न लाग्नुभएको छ फेरि पनि त्यसको अवस्था त्यस्तै हुन्छ भनि उहाँले भन्नुभएको थियो । तर त्यो भनाइप्रति कुनै वास्ता भएन । बिहान उठदा त समाजवादीसँग एकीकरण भएर जसपा बनेको समाचार सुन्नुभयो गोविन्द चौधरीले । उहाँको चित्त मानिरहेको थिएन तैपनि के गर्नु अब कहाँ जानु । जसपामा संलग्न हुनुभयो । एक वर्ष नबित्दै जसपामा खटपट सुरु भयो । बहुमत पुर्‍याउनका लागि हस्ताक्षरका संकलनको काम सुरु भयो । गोविन्द चौधरीले कसैको पक्षमा हस्ताक्षर गर्न मान्नु भएन । उहाँले आफू पार्टी विभाजनको पक्षमा छैन । जसपा बनाएको थिए जसपामा नै रहन्छु भनि सबैलाई त्यही भन्नुहुन्थ्यो ।

महन्थ ठाकुरहरु जसपाबाट अलग हुनुभयो तर गोविन्द चौधरी जसपामा नै बस्नुभयो । उपेन्द्र यादवको साथमै रहनुभयो । कार्यकारिणी सदस्य बन्नुभयो । २०७९ मा चुनावमा रौतहटबाट चुनाव लड्ने इच्छा गोविन्द चौधरीले पनि देखाउनु भयो तर एमालेसँग गठबन्धन गरेको कारण गोविन्दको क्षेत्र एमालेलाई पर्‍यो । त्यसपछि उहाँले आफ्नो छोरी पुष्पा चौधरीलाई जसपाबाट प्रदेशसभामा उठाउनुभयो । तर छोरी पनि पराजित हुनुभयो ।

**पुष्पलाल अभिभावक**

पञ्चायत पृष्ठभूमि भएका परिवारमा जन्मेका हुर्केका गोविन्द चौधरी विभिन्न पार्टीमा गएपनि उहाँ कम्युनिष्ट कहिले हुनुभएन । कम्युनिष्ट पार्टीमा उहाँलाई कहिले जाने मन भएन । उहाँ भन्नुहुन्छ, 'मलाई लाग्छ हाम्रो वर्ग दुश्मन भनेकै कम्युनिष्ट हो किन हो कुनि कहिले पनि मलाई कम्युनिष्टको विचार र सिद्धान्त मलाई मन परेन ।'

जब कि कम्युनिष्ट नेता पुष्पलाल श्रेष्ठको अभिभावकत्वमा उहाँले वनारसमा पढ्नु भएको हो । केबल चौधरी र पुष्पलालको राम्रो दोस्ती थियो । बनारसमा उहाँ दुवै जनाको बीचमा नियमित भेटघाट हुन्थ्यो । बनारसको जगदम्बा धर्मशालामा गोविन्दको बसाई थियो । त्यहीबाट उहाँ कलेज पढ्न जानु हुन्थ्यो । त्यही नजिक पुष्पलालको पनि कोठा थियो । कलेजमा पढ्दा पुष्पलाल नै गोविन्दको लोकल गार्जियन हुनुहुन्थ्यो । कलेजमा केही हुँदा पुष्पलाल नै जानुहुन्थ्यो । पुष्पलालसँग कतियौं पटक सँगै बसेर भात खानु भएको छ, उहाँको कुरा सुन्नुभएको छ । तर पुष्पलाल कहिले पनि गोविन्दलाई पार्टीमा आउन भन्नुभएन । उपेन्द्रको साथमा काम गर्न सुरु गर्दा पुष्पलाल र वनारसको कुरा हुँदा मात्र थाह पाउनुभयो कि उपेन्द्र यादव पनि प्राय: पुष्पलाल भेट्न वनारस जानुहुन्थ्यो । तर गोविन्द र उपेन्द्रको बीचमा कहिले भेट भएन । भेट नहुनुको कारण थियो, गोविन्दलाई राजनीतिसँग कुनै मतलब थिएन पढाईमा नै पुरा ध्यान दिनुभएको थियो ।

स्तनपानः
बालबालिकालाई वरदान

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं**. : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार